का.जि.प्र.का.द.नं. १००/०५२/६०
१० भदौ २०८३
बुधबार
26 August 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१६। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

ओली हटाउने एजेन्डाबाट शंकर-विष्णु 'ब्याक'

■ राजनीतिक सेफल्यान्डिङको खोजी

उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल दुवै अध्यक्ष केपी ओलीपछिको नेतृत्वमा स्थापित हुने गरी राजनीतिक सेफल्याडिङ खोजिरहेका छन्। ओली हटाउने एजेन्डाबाट शंकर-विष्णु ब्याक भएपछि पार्टी पुनर्गठनको प्रतिवेदन सार्वजनिक भएको हो।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ९ भदौ

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेल एउटै गुटका नेता मानिन्छन्। तर, गत आमचुनाव पार्टीले नमिठो धक्का व्यहोरेपछि यी नेताहरूबीच नेतृत्व परिवर्तनको विषयलाई लिएर टकराव छ। २१ फागुन २०८२को चुनावमा एमाले ओलीलाई भावी प्रधानमन्त्री भनेर होमिएको थियो। तर, चुनावी परिणाममा ऐतिहासिक हार बेहोऱ्यो। यस पृष्ठभूमिमा उपाध्यक्ष पौडेल र महासचिव पोखरेलले नेतृत्वमा परिवर्तन खोज्न थाले।

जबकि, २०८२ पुस पहिलो साता सम्पन्न एमालेको ११औं महाधिवेशनले ओलीलाई तेस्रोपटक अध्यक्ष निर्वाचित गरेको थियो। ओलीकै टिमबाट उपाध्यक्षमा पौडेल र महासचिवमा पोखरेल दोहोरिएका थिए। त्यसबेला पनि जेनजी आन्दोलनको पृष्ठभूमि देखाएर नेतृत्व परिवर्तनको बहस चलेको थियो। तर शंकर-विष्णुले विकल्प भएकोभन्दै ओलीलाई नै अगाडि सारे। जब २१ फागुनको चुनावमा ओलीको नेतृत्व जनताबाट अनुमोदन भएन। त्यसपछि विष्णु र शंकरले ओलीको नेतृत्वमाथि अनौपचारिक रूपमा प्रश्न उठाउन थाले। >>> पृष्ठ २ मा

बालेन पर्खिरहेको बन्चरे डाँडा

सिसडोल-बन्चरेडाँडा कसैको डम्पिङ साइट मात्र होइन। यहाँ पनि मान्छे बस्छन्, हाम्रा आमाबुवा बस्नुहुन्छ, हाम्रा बालबच्चा हुर्किरहेका छन्। अरूको फोहोरको दुर्गन्ध र रोग बोकेर कति वर्ष बाँच्ने ?

■ आशिका तामाङ
सांसद

काठमाडौं उपत्यकाभित्रका १८ वटा पालिका अहिले पनि सरकारले फिनिस कम्पनी र नेपवेस्टसँग गरेको सम्झौताको बन्धनमा छन्। कि सरकारले त्यो सम्झौता लागू कि खारेज गरिदिनुपर्‍यो। हामी आफ्नो व्यवस्थापन आफैं गर्न तयार छौं।

■ चिरिबाबु महर्जन
अध्यक्ष, काठमाडौं उपत्यका मेयर्स फोरम

भावना पाठक/मध्यान्ह
काठमाडौं, ९ भदौ

साढे चार वर्षअघि काठमाडौं महानगरको मेयर निर्वाचित हुनासाथ बन्चरेडाँडाको डम्पिङ साइट पुगेका वालेन्द्र शाह बालेनले एउटा वाचा गरेका थिए- फोहोर व्यवस्थापनको समस्या समाधान नभएसम्म खादा, माला र अबिर लगाउँदिनँ। उत्सव पनि मनाउँदिनँ।

मेयर निर्वाचित भएको केही दिनमा उनी बन्चरेडाँडा पुगेका थिए। बालेन आएको खबरपछि स्वागत गर्न खादा, माला लिएर पुगेका >>> पृष्ठ २ मा

१५ दिनको अल्टिमेटम

बन्चरेडाँडाका स्थानीयले १५ दिनभित्र आफ्नो माग पूरा नगरे फोहोर रोक्ने चेतावनी दिएका छन्। फोहोर रोक्न चेतावनी दिएपछि काठमाडौं उपत्यकाका मेयरहरू समस्या समाधानका लागि सरकारको सहयोग खोजिरहेका छन्। फोहोर व्यवस्थापन महानगरको मात्रै जिम्मेवारी नभएको तर्क >>> पृष्ठ २ मा

अपराधमा किशोरको बढ्दो संलग्नता

भरिए बाल सुधारगृह

फौजदारी अपराधमा किशोरको संलग्नता बढेसँगै बाल सुधारगृह भरिभराउ छन्। देशभरका सुधारगृहको क्षमता झन्डै आठ सय भए पनि १ हजार २ सयभन्दा धेरै किशोरहरू राखिएका छन्।

- कानुनी विवादमा परेका बालबालिकाको संख्या घटाउन सजाय अवधि घटाउने नयाँ कानुनको प्रस्ताव
- कानुन संशोधन पारित भएमा बाल सुधार गृहहरूमा ६०० देखि ७०० को संख्यामा बालबालिकाको चाप घट्ने आकलन

एउटै खाटमा तीनजनासम्म बालक सुत्नुपर्ने अवस्था छ, कतिपय बालक भुइँमै सुत्न बाध्य रहेको पनि हामीले स्थलगत निरीक्षणमा हामीले देख्यौं, भवन नहुँदा पढ्नसमेत पाएका छैनन्, पानीको समस्या छ

■ साजिदा खातुन सिद्धिकी
सदस्य, निरीक्षण तथा अवलोकन समिति

देशभरका बाल सुधारगृहहरूको मापदण्डअनुसारको कुल क्षमताभन्दा दुईतिहाइभन्दा बढी बालबालिकालाई राखिएको छ, संख्या घटाउन सजाय अवधि घटाउने नयाँ कानुनी प्रस्ताव गरेका छौं

■ दुर्गाप्रसाद चालिसे
उपसचिव, बाल संरक्षण शाखा, मन्त्रालय

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ९ भदौ

रुपन्देहीको बाल सुधारगृहमा विभिन्न अपराध तथा कानुनी विवादमा परेका एक सय ११ किशोरलाई राखिएको छ। किशोरहरूको अत्यधिक चापका कारण आवासीय व्यवस्थापनमै समस्या छ।

संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले कारागार तथा हिरासतमा रहेका थुनुवा एवं कैदीबन्दीहरूको मानवअधिकारको अवस्थासम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिको प्रतिवेदनअनुसार, एउटै खाटमा तीनजनासम्म बालक सुत्नुपर्ने तथा पर्याप्त खाटको अभावका कतिपय बालक भुइँमै सुत्न बाध्य रहेको पाइएको छ। सुधारगृहमा तीन तलाको एउटा मात्र भवन छ, जसको पहिलो तलामा कार्यालय र अन्य तलामा बालकका लागि पाँचवटा ठुला र एउटा सानो गरी ६ वटा कोठा छन्। त्यसमध्ये एउटा प्रहरीले प्रयोग गर्दै आएको छ।

त्यस्तै, बाल सुधारगृह भक्तपुरमा ६२ जना बालबालिका छन्। जसमा २५ जना बालक र ३७ जना बालिका छन्। भौतिक संरचनाका रूपमा गृहमा बालिकाहरूका लागि दुईतले एउटा महिला ब्लक र बालकहरूका लागि ९ वटा कोठासहितको अर्को दुईतले पुरुष ब्लक भवन सञ्चालनमा छन्। भौतिक पूर्वाधार, शिक्षक दरबन्दी र कक्षाकोठाको सीमितताका कारण छात्रछात्रालाई एकै समयमा पठनपाठन गराउन सकिएको छैन।

त्यस्तै, बाल सुधारगृह पोखरामा १०८ जना बालक छन्। त्यहाँ तीन तलाको एउटा भवन छ। जसको पहिलो तलामा हल र माथिल्लो पहिलो तलाका आठवटा कोठामा दुईतले खाटको व्यवस्था गरी बालकहरूको आवास व्यवस्था मिलाइएको छ।

पछिल्ला केही वर्षयता कानुनी विवाददेखि गम्भीरखाले फौजदारी अपराधमा किशोरकिशोरीको संलग्नता बढ्दो छ। जसका कारण देशभरका बाल सुधारगृह भरिभराउ छन्। संसदीय उपसमितिको प्रतिवेदनमा पनि अधिकांश कारागार आफ्नो स्वीकृत क्षमताभन्दा बढी कैदीबन्दी व्यवस्थापन गर्न बाध्य रहेको उल्लेख छ। मुद्दागत विश्लेषण गर्दा लागुऔषध, जबरजस्ती करणी, कर्तव्य ज्यान, चोरी, ठगी तथा डाँकासम्बन्धी मुद्दामा कैदीबन्दीको संख्या उल्लेखनीय रूपमा बढिरहेको देखिन्छ। बाल सुधारगृहमा जबरजस्ती करणी र लागुऔषधसम्बन्धी मुद्दामा किशोरको संख्या सबैभन्दा बढी रहेको छ। कर्तव्य ज्यानसम्बन्धी मुद्दाका पनि ठुलो संख्यामा रहेका छन्।

संसदीय उपसमितिले बागमती प्रदेशको बाल सुधारगृह सानोठिमी, लुम्बिनी प्रदेशको बाल सुधारगृह भैरहवा (रुपन्देही) र गण्डकी प्रदेशको बाल सुधारगृह पोखरा (कास्की)को स्थलगत निरीक्षण तथा अवलोकन गरेको थियो। अधिकांश बाल सुधार गृहमा अत्यधिक भिडभाड रहेको तथा त्यसबाट आवास, सरसफाइ, स्वास्थ्य, सुरक्षा तथा मानवअधिकारको संरक्षणमा प्रतिकूल प्रभाव पर्ने अवस्था सिर्जना भएको निरीक्षण तथा अवलोकन समितिकी सदस्य सांसद साजिदा खातुन सिद्धिकी बताउँछिन्। 'एउटै खाटमा तीनजनासम्म बालक >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

२५ म्यानपावर कम्पनीलाई कारबाही गर्न विभागलाई मन्त्रालयको निर्देशन

मध्यान्ह संवाददाता
काठमाडौं, ९ भदौ

युवा, श्रम तथा रोजगार मन्त्रालयले मलेसियाको फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा आबद्ध २५ म्यानपावर कम्पनीलाई कारबाही गर्न वैदेशिक रोजगार विभागलाई निर्देशन दिएको छ। २५ मध्ये १५ व्यवसायीले 'सिन्डिकेट' छाड्ने प्रतिबद्धता जनाइसकेका छन्। नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले विभागले कुन खालको कारबाही गर्ने हो त्यो भने स्पष्ट भइनसकेको बताए।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले विभागलाई सचेत गराउने, काम कारबाही रोक्का राख्नेदेखि इजाजतपत्र खारेजीसम्मको अधिकार रहेकाले मन्त्रीस्तरीय निर्णयले सबै अधिकार प्रयोग गर्न विभागलाई बाटो खुला भएको बताए।

महासचिव डाँगीले जारी गरेको विज्ञप्तिमा श्रम मन्त्रालयबाट ती २५ वटा म्यानपावर एजेन्सीमाथि आवश्यक कारबाहीका लागि विभाग र उक्त विषयमा आकर्षित हुने सम्बन्धित सबै निकायमा सिफारिस गर्ने मन्त्रीस्तरीय निर्णय भएको र बुधबारदेखि नै कारबाहीको प्रक्रिया सुरु हुने भन्दै मन्त्रालयको नेतृत्वलाई धन्यवाद व्यक्त गरिएको छ।

बुधबार नै नेपाल सरकारले इजाजत दिएका सबै इजाजतपत्र प्राप्त संस्थाको समान हक रहेकाले सबैलाई समावेश गरी यथास्थितिमा श्रमिक भर्ना प्रक्रिया अगाडि बढाउन कूटनीतिक नोट पठाउने मन्त्रालयको तयारी रहेको पनि विज्ञप्तिमा उल्लेख छ।

यता १५ म्यानपावरले श्रम मन्त्रालयमा एफडब्लुसिएमएसमा आबद्ध नरहेको प्रतिबद्धता पत्र पठाइसकेका छन्।

संघका महासचिव डाँगीका अनुसार २५ म्यानपावर कम्पनीमध्ये मंगलबार साँझसम्म लाल धनुष इन्टरनेसनल सर्भिस प्रा.लि., नेपाल प्लेसमेन्ट एजेन्सी प्रा.लि., द रिभर ओभरसिज प्रा.लि., स्काइ पावर इन्टरनेसनल सर्भिसेस प्रा.लि., >>> पृष्ठ २ मा

मन्त्रालयमा भएको छलफलले सिन्डिकेटबारे झन् त्रसित बनायो : गैरे

काठमाडौं/मस- वैदेशिक रोजगार व्यवसायीहरूले मलेसिया सिन्डिकेट खारेजीका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई ढिलासुस्ती गर्ने छुट नरहेको बताएका छन्। नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले मंगलबार आयोजना गरेको मलेसिया सिन्डिकेटविरुद्धको व्यवसायी भेला तथा हस्ताक्षर अभियानमा उपस्थित व्यवसायीहरूले मलेसियाको एफडब्लुसिएमएसमा नाम रहेका २५ जना व्यवसायीको नाम हटाउने कुरामा ढिलासुस्तीले निकास नहुने भन्दै संघ थप सशक्त >>> पृष्ठ २ मा

तीन व्यवसायीले त्यागे संघसँगको आबद्धता

काठमाडौं/मस- तीन जना वैदेशिक रोजगार व्यवसायीले वैदेशिक रोजगार क्षेत्रको राजनीतिबाट अलग हुने बताएका छन्। एसिया लिंक सर्भिसेस प्रा.लि.का सञ्चालक मिलन कट्टेल, द रिभर ओभरसिज प्रा.लि.का सञ्चालक रघुनाथ पुरी र ट्रस्ट नेपाल ओभरसिज प्रा.लि.का सञ्चालक रविन गुरुङले उक्त घोषणा गरेका हुन्।

उनीहरूले मलेसियाको रोजगारीमा सिन्डिकेटको अर्थहीन आरोप र लाञ्छना लगाएर कार्यालय र सम्पत्तिमा हुलहुज्जत गरेका कारण संघसँगको आबद्धता त्यागेको बताएका छन्।

त्यसअघि प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले तोकिएको समयमै स्पष्टीकरण पेस नगरी मञ्चको निर्णय अवज्ञा गरेको भन्दै तीनैजना व्यवसायीको >>> पृष्ठ २ मा

गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं,
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं,
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं,
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं,
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं,
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं,
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं।

सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१० भदौ २०८३ बुधबार
26 August 2026 Wednesday

उच्च शिक्षा सुधारका लागि विश्वविद्यालय ऐन परिमार्जन गर्दै सरकार

काठमाडौं/मस–शिक्षा तथा खेलकुद मन्त्रालयले केही विश्वविद्यालय ऐन संशोधनसम्बन्धी विधेयक तयार गर्ने क्रममा संघीय विश्वविद्यालयका उपकुलपतिसहित सरोकारवालासँग छलफल गरेको छ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार भएको छलफलमा विश्वविद्यालयका ऐनमा गर्नुपर्ने संशोधन, विश्वविद्यालयको स्वायत्तता, सुशासन, शैक्षिक तथा प्रशासनिक सुधार र समसामयिक आवश्यकताअनुसार कानुनी व्यवस्था परिमार्जन गर्ने विषयमा सुझाव लिइएको हो।

छलफलमा सहभागी विज्ञ तथा सरोकारवालाले उच्च शिक्षालाई गुणस्तरीय, अनुसन्धानमुखी, उत्पादनशील र व्यवहारिक बनाउन नीतिगत सुधार आवश्यक रहेको बताएका छन्। विश्वविद्यालयको क्षमता अभिवृद्धि, शैक्षिक गुणस्तर कायम तथा विद्यार्थीलाई प्रतिस्पर्धी बजारमा टिक्न सक्ने बनाउने विषयलाई आगामी कानुनमा प्राथमिकता दिनुपर्नेमा उनीहरूले जोड दिएका छन्।

राष्ट्रिय योजना आयोगका सदस्य डा. सुदन झाले विश्वविद्यालयले शैक्षिक गुणस्तर सुधारसँगै ज्ञान उत्पादनमा केन्द्रित हुनुपर्ने बताए। प्रत्येक विश्वविद्यालय अनुसन्धान र ज्ञान उत्पादनको अवधारणाअनुसार अघि बढ्नुपर्ने उनको भनाइ थियो।

शिक्षा तथा खेलकुद मन्त्रालयका सचिव चुडामणि पौडेलले विश्वविद्यालयको शैक्षिक सुधार, उत्कृष्ट विश्वविद्यालय निर्माण तथा उच्च शिक्षासम्बन्धी ठोस नीति बनाउन छलफल महत्वपूर्ण रहेको बताए। विद्यालय शिक्षा ऐनको मस्यौदा लेखन प्रक्रिया अघि बढिसकेको र सातै प्रदेशबाट सुझाव प्राप्त भएको उनले जानकारी दिए।

मन्त्रालयले चालु आर्थिक वर्षमा शिक्षा क्षेत्रसँग सम्बन्धित छ वटा विधेयक अघि बढाउने तयारी गरेको सचिव पौडेलले बताए। शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले विश्वविद्यालयप्रति विद्यार्थीको आकर्षण बढाउने नीतिगत व्यवस्था आवश्यक रहेको बताए। विश्वविद्यालयको संख्या, छात्रवृत्तिको पारदर्शिता र प्रभावकारितालगायत विषयलाई कानुनमा समेट्नुपर्ने उनले धारणा राखे।

विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा. डा. खड्गबहादुर केसीले उच्च शिक्षाको नीतिगत सुधारका लागि छलफल महत्वपूर्ण भएको बताए। नेपालका विश्वविद्यालयलाई अनुसन्धानमुखी संस्थाका रूपमा विकास गर्नुपर्नेमा जोड दिँदै उनले विश्वविद्यालयले अध्यापनसँगै ज्ञान उत्पादनमा केन्द्रित हुनुपर्ने बताए।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. भोला थापाले विश्वविद्यालयका गतिविधिलाई प्रभावकारी र चलायमान बनाउन सम्बन्धित ऐन छिटो ल्याउनुपर्ने बताए।

छलफलमा काठमाडौं विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति तथा प्रतिनिधिले उच्च शिक्षा सुधार र ऐनमा समेटिनुपर्ने विषयबारे सुझाव दिएका थिए।

विभिन्न विश्वविद्यालयका रजिस्ट्रार, डीन, प्राध्यापक, मन्त्रालयका उच्च अधिकारी, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, नीतिनिर्माता तथा अन्य सरोकारवालाको पनि छलफलमा सहभागिता रहेको थियो।

ओली...

एमालेमा सबैभन्दा पहिले नेतृत्व परिवर्तनको आवाज उठाउनेमध्ये उपाध्यक्ष पौडेल थिए। निर्वाचनको अन्तिम परिणाम आउनुअघि नै उनले पार्टीको नेतृत्व, नीति, संगठन र कार्यशैली पुनर्गठन गर्नुपर्ने बताएका थिए। त्यसपछि उनी ओलीलाई राजीनामा दिन दबाब दिने र पार्टी पुनर्गठनको अभियान चलाउने प्रमुख नेताका रूपमा देखिए।

पौडेलले नेताहरूसँगको भेटमा 'केपी ओलीलाई राखेर अब एमाले उठ्दैन' भन्ने निष्कर्ष सुनाउँदै ओलीले राजीनामा दिनुपर्ने धारणा राखेका थिए। उनको सक्रियताकै बीच ओलीको चाहनाविपरीत सचिवालयबाट पार्टी पुनर्गठन कार्यदल गठन गर्ने निर्णयसमेत भएको हो। तर, अहिले परिस्थिति फेरिएको छ। पौडेल पक्राउ परेपछि पुनर्गठन अभियान सुस्ताएको छ। ८ असारमा सुर्खेतबाट पक्राउ परेका पौडेल २५ दिन हिरासतमा बसेर साधारण तारेखमा छुटेपछि पहिलेझैं सार्वजनिक रूपमा सक्रिय देखिएका छैनन्। बरु त्यसपछि ओली राजनीतिक रूपमा पुनः सक्रिय भएका छन्। पौडेल स्वयं ओलीसँगै राजनीतिक कार्यक्रममा देखिन थालेका छन्।

पौडेलको नेतृत्व परिवर्तन अभियानमा महासचिव शंकर पोखरेल पनि महत्वपूर्ण पात्र थिए। तर, दुवैको दृष्टिकोण एउटै थिएन। पौडेल तत्काल ओलीले राजीनामा दिनुपर्ने पक्षमा देखिँदा पोखरेल भने ओलीलाई कमिटीबाट हटाएर होइन, सम्झाएर नेतृत्व पुनर्गठनको वातावरण बनाउनुपर्ने पक्षमा थिए। यद्यपि ओलीलाई निरन्तरता दिनुपर्छ भन्ने निष्कर्षमा उनी थिएनन्।

यस्तो पृष्ठभूमिमा उपाध्यक्ष रामबहादुर थापा बादलको नेतृत्वमा निर्वाचन समीक्षा एवं पार्टी पुनर्गठन सुझाव संकलन कार्यदल बनेको हो। जसको सदस्य सचिवका रूपमा महासचिव पोखरेल थिए। उनैलाई कार्यदलको प्रतिवेदन लेख्ने जिम्मेवारी दिइएको थियो। सोहीमार्फत शंकरले औपचारिक रूपमै ओलीको नेतृत्वमाथि प्रश्न उठाएका हुन्।

च्यासल र गुन्डुबीच घुमिरहेको कार्यदलको प्रतिवेदन मंगलबार अचानक सार्वजनिक भयो। जसले एउटै व्यक्ति लामो समय एउटै भूमिकामा रहँदा नेतृत्वको प्रभावकारिता क्रमशः कमजोर हुँदै गएको निष्कर्ष निकालेको छ। अनि नेतृत्व रूपान्तरण हुनुपर्ने प्रस्ताव गरिएको छ।

वरिष्ठ नेताहरूलाई निर्णयकारी भूमिकामा निरन्तर राखिरहनुभन्दा उनीहरूलाई 'मार्गदर्शक'को सम्मानित भूमिकामा स्थापित गर्ने विकल्प अगाडि सारिएको छ। यस्तो प्रस्तावसँगै एमालेमा ओलीको नेतृत्वमाथि प्रत्यक्ष प्रश्न उठेको हो। तर, प्रतिवेदनमा ओलीको नाम लिएर नेतृत्व परिवर्तन गर्नुपर्ने भनेर स्पष्ट शब्दमा लेखिएको छैन। लामो समय एउटै भूमिकामा रहेको नेतृत्वको प्रभावकारिता, पुस्तान्तरण र वरिष्ठलाई मार्गदर्शक भूमिकामा लैजाने भनेर राजनीतिक रूपमा ओलीको नेतृत्वमाथि प्रश्न उठाइएको छ।

आम निर्वाचनमा पार्टी संगठनात्मक रूपमा बलियो भए पनि जनताको बदलिँदो मनोविज्ञान बुझ्न नसकेको प्रतिवेदनको निष्कर्ष छ। एमालेको परम्परागत आधार मानिएका वर्ग र समुदाय पार्टीबाट क्रमशः टाढिँदै गएको, युवा पुस्ता पार्टीसँग जोडिन नसकेको र नयाँ पुस्ताको अपेक्षाअनुसार नीति तथा कार्यक्रम अघि बढाउन नसकिएको उल्लेख छ।

विशेषगरी युवा र विद्यार्थी पुस्तासँग पार्टीको सम्बन्ध कमजोर हुनुमा लामो समयसम्म पार्टी र भ्रातृसंगठनका अधिवेशन हुन नसक्नु, एउटै व्यक्ति संगठनमा लामो समय रहनु तथा युवा पुस्ताको मनोविज्ञान बुझ्न नसक्नुजस्ता कारण औंल्याइएको छ। सूचना प्रविधिसँग हुर्किएको नयाँ पुस्ताको अपेक्षाअनुसार पार्टीले आफूलाई रूपान्तरण गर्न नसकेको प्रतिवेदनको निष्कर्ष छ।

यस अवस्थाबाट अगाडि बढ्न नेतृत्व परिवर्तनसँगै आगामी निर्वाचनमा उम्मेदवार छनोटका लागि नयाँ मापदण्ड बनाउने, युवाकेन्द्रित अभियान सञ्चालन गर्ने, जनप्रतिनिधिलाई जवाफदेही बनाउने तथा पार्टीभित्र गुटबन्दी, नातावाद, कृपावाद अन्त्य गर्नुपर्ने सुझाव दिइएको छ। अर्थात्, फेरि पनि विष्णु र शंकर ओलीको विकल्प खोज्ने तर ओलीसँग प्रत्यक्ष टकरावमा लिएर आफ्नो राजनीतिक भविष्य जोखिममा नपार्ने नीतिमा छन्।

यसअघि विष्णु पौडेलले आफू कांग्रेसमा विश्वप्रकाश शर्माले नेतृत्वका विषयमा देखाएको त्यागको शैलीमा आफू पनि त्याग गर्न तयार रहेको, शंकर पोखरेललाई अध्यक्ष स्वीकार गरेर अघि बढ्न सकिने संकेत दिएका थिए। अर्थात्, व्यक्तिगत रूपमा अध्यक्ष बन्ने हतारभन्दा ओलीपछिको एमालेमा नयाँ नेतृत्व निर्माण गर्ने बाटो रोज्न पौडेल तयार भएका छन्।

शंकर पोखरेल पनि ओलीको पक्षमा अडिग रहँदा ओलीसँगै राजनीतिक भविष्य सकिने बुझाइका साथ ओलीलाई नेतृत्वबाट सहमतिमै अलग गएर नेतृत्व हत्याउने दाउमा लागेका छन्। यहाँनेर विष्णु पौडेल र शंकर पोखरेल दुवै ओलीपछिको नेतृत्वमा स्थापित हुने गरी राजनीतिक सेफल्यान्डिङ खोजिरहेका छन्।

भरिए...

सुत्नुपर्ने अवस्था छ,' उनले भनिन्, 'त्यति मात्रै होइन, कतिपय बालक भुइँमै सुत्न बाध्य रहेको पनि हामीले देख्यौं।' बाल सुधारगृहमा भौतिक संरचनाको अभावका कारण क्षमताभन्दा अत्यधिक संख्यामा बालबालिका राखिएको पाइएको उनले बताइन्।

'साँघुरो कोठामा क्षमताभन्दा धेरैलाई कोचेर राखिएको छ। उनीहरूलाई सजिलोसँग बस्न, पढ्न र सुत्नसमेत कठिनाइ भएको छ। त्यस्तै, शौचालय, पुस्तकालय, खेलमैदान र हिँडडुल गर्न शारीरिक तथा मानसिक स्वास्थ्य, खानपान, शिक्षाजस्ता विषयमा नकारात्मक प्रभाव परिरहेको छ,' उनले भनिन्।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयका बाल संरक्षण शाखाका उपसचिव दुर्गाप्रसाद चालिसे कानुनी जटिलता तथा भौतिक पूर्वाधारको अभावका कारण १८ वर्षमुनिका बालबालिकासँगै उमेर पुगेर २० देखि २५ वर्षसम्मका युवा पनि एउटै सुधारगृहमा बस्नुपर्ने अवस्था रहेको बताउँछन्। उनले भने, 'उमेर समूह नै नमिलेर १८ वर्षमुनिका बालक र २४ वर्षसम्मका व्यक्तिलाई एकै ठाउँमा राख्दा सुधारगृहभित्र विवाद, झैझगडा र कुटपिटका घटनासमेत हुने गरेका छन्।' देशभरका बाल सुधारगृहमा क्षमताभन्दा बढी बालबालिकाको चाप बढेपछि बालबालिकासम्बन्धी ऐनमा सुधार प्रस्ताव पठाएको उनले बताए।

उनका अनुसार, देशभरका बाल सुधार गृहको मापदण्डअनुसारको कुल क्षमता करिब आठ सयजनासम्म छ। तर, अहिले १ हजार दुई सयभन्दा धेरैलाई राखिएको छ। बेलाबेलाका झडपमा फरार भएका करिब दुई सय बालबालिका अझै पनि सम्पर्कविहीन अवस्थामा छन्।

बाल सुधारगृहलाई व्यवस्थापन गर्नको लागि १८ वर्ष नाघेकाहरूलाई कारागार पठाउने व्यवस्था मिलाउन मन्त्रालयले माग गरेको छ। यसका साथै, सुधारगृहका प्रमुखको सिफारिस र राम्रो आचरणको आधारमा सजाय घटाउन सक्ने कानुनी प्रस्ताव पनि अघि सारिएको छ। 'बाल सुधारगृहमा कानुनी विवादमा परेको बालबालिकाको संख्या घटाउन सजाय अवधि घटाउने नयाँ कानुनी प्रस्ताव गरेका छौं,' उनले भने। हाल जन्मकैदको दुईतिहाइ सजाय गर्दा बालबालिकालाई १४ वर्षसम्म सजाय हुने कानुनी व्यवस्था रहेकोमा नयाँ प्रस्तावित विधेयकमा बालबालिकाको हकमा अधिकतम सजायको अवधि घटाएर ७ वर्ष कायम गर्ने प्रस्ताव गरिएको छ। यो कानुन संशोधन पारित भएमा बाल सुधारगृहका ६०० देखि ७००को संख्यामा बालबालिकाको चाप घट्ने आकलन गरिएको उनले बताए।

सुधारगृहको चाप व्यवस्थित गर्नका लागि नुवाकोटमा तीन सयजना क्षमताको नयाँ बाल सुधारगृह निर्माण भइरहेको छ। बहुवर्षीय योजनाअन्तर्गत रहेको यस आयोजनाका लागि सरकारले यस वर्ष करिब १५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ। चालु आर्थिक वर्षभित्रै यो संरचना सम्पन्न गरी तीन सय बालबालिकालाई त्यहाँ स्थानान्तरण गर्ने सरकारी लक्ष्य रहेको उनले बताए।

बालेन...

स्थानीयसँग उनले फोहोरको समस्या समाधान नभएसम्म नलगाउने बताएका थिए। उनको यो भनाइले बन्चरेडाँडाका बासिन्दामा आशा जगायो। 'फोहोरका कारण तपाईंहरू समस्यामा हुनुहुन्छ, क्यान्सर र छालारोगबाट पीडित हुनुहुन्छ, यस्तो बेला उत्सव मनाउने हैन,' उनले भनेका थिए।

गत फागुन २१को निर्वाचनमा भाग लिन महानगरको मेयर पदबाट राजीनामा दिएर रास्वपा प्रवेश गरेका बालेनलाई त्यही प्रश्न सोधियो- काठमाडौं महानगरको फोहोर व्यवस्थापन गर्न त असफल हुनुभयो नि ?

उनको जवाफ थियो- तपाईंहरूलाई थाहै छैन। काठमाडौं महानगरभित्र कति राजनीति हुन्छ। अझ फोहोरमा हुने राजनीति धेरै छ। उनले महानगरको फोहोरमा देशीविदेशी शक्ति लाग्ने गरेकोसमेत आरोप लगाएका थिए।

उनले झापा-५ बाट चुनाव जिते। तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो काममा हस्तक्षेप गरेकाले सोचेअनुसार काम गर्न नसकेको बताउने बालेन उनैलाई हराएर प्रधानमन्त्री बने। तर, बालेनले मेयर हुँदा गरेको वाचा झन्डै दुईतिहाइ बहुमतसहित प्रधानमन्त्री हुँदासम्म पूरा भएन। त्यतिबेला संघीय सरकारको असहयोगका कारण आफूले काम गर्न नसकेको बताउने गरेका बालेन आफैं प्रधानमन्त्री भएपछि भने मौन छन्।

स्थानीय तहमा हुँदा राजनीतिक हस्तक्षेप र संघीय सरकारको असहयोगका कारण फोहोर व्यवस्थापन गर्न नसकेको बताउँदै आएका बालेन आफैं प्रधानमन्त्री हुँदासमेत ठोस योजना ल्याउन सकेका छैनन्। बन्चरेडाँडाको समस्या समाधान गर्न उनले मेयरका रूपमा खोजेको सहकार्य, मन्त्रालयसँगको समन्वय र नीतिगत निर्णय गर्ने अधिकार अहिले उनको राजनीतिक पहुँचभित्र छ। तर, फोहोरका विषयमा बालेनले कुनै विषय नै निकालेका छैनन्।

बालेन मेयर हुँदा उनका भौतिक पूर्वाधार सल्लाहकार थिए, सुनिल लम्साल। त्यतिबेलै बन्चरेडाँडा पुगेका लम्सालले भनेका थिए, 'अहिलेकै अनुपातमा नै फोहोर फाले सोचेभन्दा छिट्टै भरिनेछ। हामीले यहाँ लामो समय यसरी फोहोर फाल्दैनौं, यहाँ त वर्गीकरणबाट काम नलाग्ने फोहोर मात्रै फाल्ने हो।' अहिले उनी बालेन सरकारमा भौतिक पूर्वाधार विकास मन्त्री छन्। तर, उनले पनि बन्चरेडाँडाको समस्या समाधानका लागि कुनै पहल लिएका छैनन्।

काठमाडौं महानगरसहित उपत्यकाका पालिकाको फोहोर अहिले पनि बन्चरेडाँडामा पुगिरहेको छ। फोहोरको मात्रा अपेक्षाभन्दा बढी हुँदा लिचेड व्यवस्थापनमा समेत समस्या देखिएको स्थानीयको गुनासो छ। यही गुनासो सम्बोधन गर्न संघीय सरकारको समन्वय आवश्यक रहेको विषयमा भदौ ५ गते सिंहदरबारमा काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापनसम्बन्धी छलफल भएको थियो।

बैठकमा सञ्चारमन्त्री विक्रम तिमल्सिना, प्रभावित क्षेत्रका प्रतिनिधि, काठमाडौं उपत्यकाभित्रका पालिका प्रमुख तथा सांसद आशिका तामाङलगायत सहभागी थिए। बैठकमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले महानगरपालिकाले आफ्नो तर्फबाट काम गरिरहेको भए पनि आफूहरूमाथि नराम्रा मुद्दा लगाउने गरिएको गुनासो गरे। उनले काम गरिरहँदा पनि सांसदहरूले दबाब दिने गरेको भन्दै विषय बुझेर मात्रै धारणा बनाउन आग्रह गरे। यसले अझै पनि स्थानीय तहमाथि केन्द्र सरकारको हस्तक्षेप निरन्तर छ भन्ने नै देखाउँछ।

यसै विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद आशिका तामाङ र पालिका प्रमुखहरूबीच विवादसमेत भएको थियो। 'उनी अब बैठक काठमाडौंमा होइन, बन्चरेडाँडामा हुन्छ' भन्दै उनी बैठकबाट बाहिरिएकी थिइन्। उनले बैठकको सुरुमै 'बन्चरेडाँडा र सिसडोलका बासिन्दालाई परेको समस्याले काठमाडौंका मेयरहरूलाई आत्मग्लानि हुन्छ कि हुँदैन ?' भन्दै प्रश्न गरेकी थिइन्। त्यहाँका बासिन्दाले विगत २० वर्षदेखि झिँगा र दुर्गन्धको सास्ती खेपिरहेको भन्दै उनले आक्रोश पोखिन्। स्थानीय सरकार आँखा चिम्लिएर बसेको उनको आरोप थियो।

स्थानीय तहका प्रमुखहरूले आफूले काम गरिरहेको बताएका छन्। ललितपुर महानगरपालिकाका नगर प्रमुख महर्जनले आफ्नो तहबाट काम गरिरहेको, तर सरकारबाट अपेक्षा गरेजस्तो सहयोग नमिलेको बताए। उनले यस विषयमा प्रधानमन्त्री बालेनको ध्यानाकर्षण गराउने विषयमा पनि छलफल भइरहेको बताए। काठमाडौं उपत्यका मेयर्स फोरमका अध्यक्षसमेत रहेका महर्जनले जतिसक्दो छिटो भेटघाटको समय मागेर उपत्यकाको फोहोर व्यवस्थापन, सडक बत्तीको शुल्क व्यवस्थापन, स्थानीय तहले प्रयोग गरिरहेका जग्गाको भोगाधिकार तथा फोहोर व्यवस्थापनका लागि आवश्यक जग्गा व्यवस्थापनका विषयमा ध्यानाकर्षण गराउने तयारी भएको जानकारी दिए।

उनका अनुसार काठमाडौं उपत्यकाका १८ वटा पालिका अहिले पनि 'फिनिस कम्पनी र नेपवेस्ट' सँगको सम्झौताका कारण बन्धनमा छन्। सरकारले पुरानो सम्झौता कार्यान्वयन गर्ने हो भने स्पष्ट रूपमा लागू गर्नुपर्ने र सम्भव नभए खारेज गरेर स्थानीय तहलाई आफ्नै ढंगले फोहोर व्यवस्थापन गर्न दिनुपर्ने उनको बुझाइ छ। 'सरकारको निर्णय नआउँदा स्थानीय तहलाई काम गर्न निकै कठिन भएको छ,' उनी भन्छन्, 'ती पालिकाले चाहेर पनि आफ्नो पालिकाको फोहोर आफैं व्यवस्थापन गर्न सक्छु भन्ने अवस्था छैन, सम्झौता कार्यान्वयन गर्ने वा खारेज गर्ने विषयमा सरकारले तत्काल निर्णय लिनुपर्छ।'

'पुरानो सम्झौता कायमै रहेकाले नगरपालिकाहरूले फोहोर व्यवस्थापनका लागि नयाँ प्लान्ट स्थापना गर्ने, आवश्यक मेसिन तथा उपकरण खरिद गर्ने वा नयाँ ठेक्का प्रक्रिया अघि बढाउने काम गर्न सकेका छैनन्। नयाँ योजना अघि बढाउँदा पुरानो सम्झौता देखाएर कानुनी विवाद सिर्जना हुने गरेको छ,' उनले भने।

काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापनलाई व्यवस्थित गर्ने उद्देश्यले नेपाल सरकारले सन् २०११को जुन महिनामा फिनिस कम्पनी र नेपवेस्टसँग सम्झौता गरेको थियो। उक्त सम्झौताअनुसार उपत्यकाको सम्पूर्ण फोहोर व्यवस्थापनको जिम्मेवारी सम्बन्धित कम्पनीले पाउने व्यवस्था गरिएको थियो। तर, सम्झौता भएको करिब डेढ दशक बितिसक्दा पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। सरकारले सम्झौता लागू गर्न पनि सकेको छैन भने अहिलेसम्म त्यसलाई औपचारिक रूपमा खारेजसमेत गरेको छैन। सम्झौता कार्यान्वयन र खारेजीमध्ये कुनै पनि निर्णय नहुँदा फोहोर व्यवस्थापनमा अन्योल सिर्जना भएको महर्जनको जिकिर छ।

बन्चरेडाँडामा फोहोर व्यवस्थापनका लागि सरकारले करिब १ हजार ७९२ रोपनी जग्गा अधिग्रहण गरेको छ। उक्त जग्गाको स्वामित्व संघीय सरकारसँग रहे पनि त्यहाँ फोहोर व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी भने काठमाडौं महानगरपालिका तथा उपत्यकाका अन्य स्थानीय तहले सम्हाल्दै आएका छन्। यसकारण फोहोर व्यवस्थापनसँग सम्बन्धित समस्या र स्थानीयको असन्तुष्टिको प्रत्यक्ष दबाब स्थानीय तहमाथि पर्ने गरेको छ। जग्गाको स्वामित्व संघीय सरकारसँग भए पनि व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई मात्र दिइएको भन्दै जनप्रतिनिधिहरूले असन्तुष्टि जनाएका छन्।

प्रभावित क्षेत्रका बासिन्दाका लागि भनेर पालिकाहरूले त्यस क्षेत्रका जनताको स्वास्थ्य बिमा, शिक्षा, बाटोघाटो निर्माण र अन्य सामाजिक कार्यमा बजेट विनियोजन गर्दै आएका छन्। तर, मुख्य समस्या फोहोरको व्यवस्थापन हो, जुन हुन सकिरहेको छैन। वैज्ञानिक ढंगले फोहोर व्यवस्थापन गर्ने उद्देश्यले बनाइएको बन्चरेडाँडा ल्यान्डफिल साइट अपेक्षित अवधिभन्दा निकै छिटो भरिन थालेको रिपोर्ट सार्वजनिक भएको छ। एक अर्ब रुपैयाँभन्दा बढी खर्चमा निर्माण गरिएको संरचना चार वर्षमै भरिन थालेको छ।

१५ दिनको ...

गर्दै आइरहेका बालेन प्रधानमन्त्री बनेपछि समस्या समाधानमा सहज हुने स्थानीय तहका प्रमुखहरू बताउँछन्। 'बन्चरेडाँडा संघीय सरकार, स्थानीय तह र प्रभावित समुदायसँग जोडिएको विषय हो,' उनीहरू भन्छन्, 'मेयर हुँदा अधिकारको सीमितता देखाएर काम गर्न नसकेको बताउने बालेनलाई अब त्यो छुट छैन।'

संघीय सरकारको नेतृत्वमै पुगेपछि पनि बन्चरेडाँडाको समस्या उस्तै रह्यो भने जिम्मेवारी कसको ? अब यो प्रश्न उठ्न थालेको छ। मेयर हुँदा उनले बन्चरेडाँडाका स्थानीयलाई 'मलाई काम गर्न दिनुस्, काम हुन्छ' भनेका थिए। आज प्रश्न त्यही वाक्य फर्काएर सोध्ने बेला आएको छ-अब त तपाईंलाई काम गर्न रोक्ने शक्ति कसको छ ?

उपत्यकाबाट फोहोर विसर्जन सुरु गर्दा बन्चरेडाँडाका स्थानीयसँग करिब दुई वर्षका लागि मात्र सहमति भएको थियो। तर त्यो अस्थायी व्यवस्था वर्षौंसम्म लम्बियो। फोहोरको थुप्रो बढ्दै गएपछि ल्यान्डफिल साइट आफैं ठूलो समस्या बन्यो। लिचेड अर्थात् फोहोरबाट निस्कने प्रदूषित तरल, पानीका स्रोतमा परेको असर, बाटोभरि फोहोर, स्वास्थ्य समस्या र आफूहरूसँग गरिएका सम्झौता कार्यान्वयन नभएको उनीहरूको मुख्य गुनासो हो।

फोहोर व्यवस्थापनका लागि सरकारसँग दुई विकल्प रहेको महर्जन बताउँछन्। 'त्यसका लागि कुहिने र नकुहिने फोहोर छुट्याउनुपर्छ,' उनी भन्छन्, 'कुहिने फोहोर प्रशोधन गरी नकुहिने फोहोर मात्रै विसर्जन गर्ने वा ल्यान्डफिल साइटका स्थानीयलाई स्थानान्तरण गर्ने यसबारे निर्णय गर्नुपर्छ।' यी दुवै विकल्प संघीय सरकारको सहयोगबिना स्थानीय तहले मात्र गर्न नसक्ने उनले स्पष्ट पारे।

२५ म्यानपावर ...

ट्रस्ट नेपाल ओभरसिज प्रा.लि., ह्वाइट हर्स इन्टरनेसनल प्रा.लि., बिएम ओभरसिज प्रा.लि., संयोग ओभरसिज प्रा.लि., ट्यालेन्ट ओभरसिज सर्भिसेस प्रा.लि., वाइड स्पेस इन्टरनेसनल प्रा.लि., एएनएस एसोसिएट्स प्रा.लि., अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्सेस, बिलिभेबल ओभरसिज प्रा.लि., डिडी ह्युमन रिसोर्सेस ग्रुप प्रा.लि. र प्यारामाउन्ट इम्प्लोइमेन्ट कन्सल्टेन्सी प्रा.लि.को प्रतिबद्धता आएको छ।

संघले फ्रन्टलाइन रिक्रुटमेन्ट प्रा.लि., एसिया लिंक सर्भिसेस प्रा.लि., मोन्टेज ओभरसिज प्रा.लि., नेपाल एचआर सोलुसन प्रा.लि., एक्सेस पार्टनर्स प्रा.लि., ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेस प्रा.लि., इन्डो अरब म्यानपावर प्रा.लि., खोजी रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि., अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि. र डि स्क्वायर्ड ग्रुपको प्रतिबद्धता आउन बाँकी रहेको बताएको छ।

संघद्वारा बृहत् संघर्ष समिति गठन

यसैबीच संघले सिन्डिकेटविरुद्धको संघर्षका लागि तृतीय उपाध्यक्ष लक्ष्मण पौडेलको संयोजकत्वमा संघर्ष समिति गठन गरेको छ। मंगलबार संघमा भएको घटक तथा शुभेच्छुक संस्थाहरूका प्रतिनिधिसहितको बैठकबाट सिन्डिकेटविरुद्धको संघर्ष समिति गठन गरिएको हो।

समितिको सदस्य-सचिवमा संघका महासचिव हरिबहादुर डाँगी (हिरा) रहेका छन्। संघर्ष समिति सदस्यमा सचिव केदारनाथ अधिकारी, कोषाध्यक्ष धनमाया सिंजाली, कार्यसमिति सदस्यहरू रमा खड्का, तारा तामाङ, तारामणी राई, ध्रुव जिसी, भावना गजुरेल, रविन्द्र राई, विवश ढुंगाना, दीक्षा थपलिया, बाबुराम न्यौपाने, गीता राउत, राजेन्द्र बस्नेत, देवीप्रसाद गिरी, शिवहरि मैनाली र श्यामचन्द्र खतिवडा रहेका छन्।

सल्लाहकारमा पूर्वअध्यक्ष दिलप्रसाद पोखरेल, प्रेम कटुवाल, बलबहादुर तामाङ, हंशराज वाग्ले, विमलप्रसाद ढकाल, रोहन गुरुङ, राजेन्द्र भण्डारी, भुवनसिंह गुरुङ र नवराज केसी रहेका छन्। यस्तै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, महासचिव सोमबहादुर तामाङ, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरे र महासचिव सुमराज पाण्डे, नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका उपाध्यक्ष परमेश्वर अधिकारी तथा महासचिव कुन्छा दोर्जे डिम्दोङ, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठन नेपालका कार्यवाहक अध्यक्ष मिनप्रसाद तामाङ र उपाध्यक्ष अर्जुन साप्कोटा पनि सल्लाहकार रहेका छन्।

अन्य सल्लाहकारमा नेपाल राष्ट्रिय प्रजातान्त्रिक वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भीष्मराज अधिकारी र महासचिव लोकनाथ रिमाल, स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष छत्रबहादुर बस्नेत र महासचिव कमल निरौला, नेपाल मगर वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष ओमबहादुर जर्गा, नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाजका अध्यक्ष अमृत विश्वकर्मा र महासचिव पदम विश्वकर्मा, वैदेशिक रोजगार तामाङ व्यवसायी समाजका अध्यक्ष मोहनबहादुर स्याङवा र महासचिव तिलक तामाङ, नेपाल मुस्लिम वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष मल्जुम मियाँ, तराई वैदेशिक रोजगार व्यावसायिक समाजका अध्यक्ष नवल किशोर यादव, नेपाल वैदेशिक रोजगार व्यावसायिक एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री र उपाध्यक्ष हरिचन्द्र कुँवर, वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किसन प्रधान र महासचिव देवेन्द्र नारायण श्रेष्ठ रहेका छन्।

त्यसैगरी नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघकी अध्यक्ष प्रतिमा महर्जन र महासचिव हिरादेवी बुढाथोकी, वैदेशिक रोजगार ललितपुर समाज ललितपुरका अध्यक्ष नवराज केसी, वैदेशिक रोजगार धौलाश्री समाजका अध्यक्ष रविन्द्र शेरचन, नेपाल वैदेशिक रोजगार व्यवसायी तमुधिका अध्यक्ष तीर्थबहादुर गुरुङ, सिनामंगल इन्भेस्टमेन्ट इक अध्यक्ष कमलदेव मल्ल तथा वैदेशिक रोजगार किरात यायोख्या व्यवसायी समाजका अध्यक्ष चन्द्रप्रसाद राई सल्लाहकार रहेका छन्।

आवश्यकताअनुसार संघर्ष समितिको संख्या थपघट गर्न सकिने बताइएको छ।

मन्त्रालयमा...

हुनुपर्ने बताए।

सभालाई संबोधन गर्दै एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरेले एसोसिएसनले मलेसियाको रोजगारीमा सिन्डिकेट देखिएको भन्दै त्यसविरुद्ध एकताबद्ध भई व्यवसाय र व्यवसायीको अस्तित्व, स्वतन्त्रता र नैसर्गिक अधिकार जोगाउने महाअभियान सुरु गरेको बताए। उनले युवा, श्रम तथा रोजगार मन्त्रालयमा सोमबार भएको छलफलले व्यवसायी ढुक्क हुनुपर्नेमा त्रसित भएको भन्दै एसोसिएसनले सिन्डिकेटविरुद्ध खबरदारी भेला तथा हस्ताक्षर अभियान चलाउने निर्णय गरेको बताए।

महासचिव सुमनराज पाण्डेले सिन्डिकेटधारीहरूले अन्य व्यवसायीको नाडी छामिरहेको भन्दै एकताबद्ध भएर प्रतिवाद गर्नुपर्नेमा जोड दिए।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलले मञ्च अत्यन्तै प्रतिबद्ध भएर सिन्डिकेटविरुद्धको आन्दोलनमा लागेको भन्दै व्यवसाय रक्षाका लागि जुनसुकै मूल्य चुकाएर भए पनि व्यवसायीको आन्दोलन सफल बनाउने बताए।

एसोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपानेले अन्य व्यवसायीको रोजीरोटी खोसे २५ व्यवसायीको घर-सम्पत्ति बाँकी नरहने चेतावनी दिए। उनले भने, 'अरूलाई मार्ने तर आफूमात्रै व्यवसाय गर्ने गरी लोभ गर्‍यौं भने गत वर्ष भदौ २३ र २४ गते नेताहरूको जे हालत भयो, तपाईंहरूलाई व्यवसायीले त्यही हालतमा पुर्‍याउने छन्।'

नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समितिका अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले २५ व्यवसायीले तत्कालै नाम फिर्ता नलिए कार्यालयमा अप्रिय घटना हुनसक्ने चेतावनी दिए।

नेपाल वैदेशिक रोजगार व्यवसायी महिला संघकी उपाध्यक्ष तारा रेग्मीले सिन्डिकेटविरुद्ध जस्तोसुकै कठिनाइ भए पनि व्यवसायी पछि हट्न नहुने भन्दै व्यवसायी ऐक्यबद्धतामा जोड दिइन्।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरुङले सिन्डिकेट कुनै पनि हालतमा सफल नहुने बताए। व्यवसायीहरू सिन्डिकेटविरुद्धको आन्दोलनमा मर्न तयार भएर बसेकाले सिन्डिकेट समूहले व्यवसायीलाई चानचुन सम्झन नहुने उनको भनाइ थियो।

कार्यक्रम सचिव हेमा गुरुङले सञ्चालन गरेकी थिइन्।

तीन...

संस्थाको साधारण सदस्यता समेत समाप्त गरेको बताएको थियो।

मञ्चले मलेसियाको एफडब्लुसिएमएसमा नाम रजिस्टर्ड भएको सार्वजनिक भएपछि भदौ ७ गते २४ घण्टाभित्र स्पष्टीकरण माग गरी २४ घण्टाभित्र लिखित स्पष्टीकरण पेस गर्न पत्राचार गरिएकोमा तोकिएको समयसीमाभित्र कुनै पनि संस्थाबाट स्पष्टीकरण वा जवाफ प्राप्त हुन नआएको भन्दै कारबाही गरिएको बताएको छ।

मञ्चले तोकिएको समयभित्र स्पष्टीकरण पेस नगरी मञ्चको निर्णय तथा निर्देशनको अवज्ञा गरेको विषयलाई गम्भीरतापूर्वक लिँदै मञ्चको विधान तथा संस्थागत अनुशासनबमोजिम मञ्चसँग आबद्ध साधारण सदस्यता समेत समाप्त गर्ने तथा आवश्यक संस्थागत कारबाही गर्ने निर्णय गरेको बताएको छ।

मंगलबारदेखि कारबाही गरिएका संस्थाहरूको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको साधारण सदस्यता समेत कायम नरहने अध्यक्ष जनक रावलले बताए। मञ्चले कारबाहीको बोधार्थ जानकारी नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, यस क्षेत्रसँग सम्बन्धित सबै घटक संस्थाका अध्यक्ष तथा एमाले निकट नेपाल उद्योग तथा व्यवसायी महासंघलाई दिएर कार्यालयमा अभिलेख गरिएको बताएको छ।

मञ्चले मलेसियाको एफडब्लुसिएमएसमा कसरी र कुन प्रक्रियाबाट समावेश भएको हो ? नाम समावेश गराउन कुनै व्यक्ति, संस्था वा निकायसँग गरेको पत्राचार, सम्झौता वा अन्य सम्बन्धित कागजात भए सोको विवरण पनि उपलब्ध गराउन भनेको थियो। तर उल्लेखित विषयमा मञ्चलाई आवश्यक सहयोग नभएको बताएको छ।

कारबाहीमा परेका म्यानपावर कम्पनीहरूले सोमबार युवा, श्रम तथा रोजगार मन्त्रालयमा भएको छलफलमा मलेसियाको एफडब्लुसिएमएसमा सहभागी हुने नीति नरहेको भन्दै कम्पनीको नाम कसरी उक्त प्रणालीमा प्रवेश गरेको हो भन्नेबारे आफूहरू अनविज्ञ रहेको जिकिर गरेका छन्।

एसिया लिंकका सञ्चालक मिलन कट्टेलले ३ दिनको समय दिएर स्पष्टीकरण सोधेको संस्थाका अध्यक्ष उक्त समय समाप्त नहुँदै भोलिपल्ट नै सदस्य संस्थाको कार्यालयमा हुल हुज्जत गरेर ताला लगाउन आएको अवस्थामा त्यस्तो संस्थामा सदस्य रहनु उचित नहुने बताए।

बागमतीका मुख्यमन्त्रीले पाए विश्वासको मत

गण्डकीमा एमालेका मन्त्री फिर्ता हुँदै लुम्बिनीमा तीन मन्त्री थपिए

काठमाडौं/मस– प्रदेश सरकारमा राजनीतिक समीकरण फेरबदल हुने क्रम तीव्र बनेको छ। गण्डकी प्रदेशमा नेकपा एमालेले सरकारबाट आफ्ना मन्त्री फिर्ता बोलाउने निर्णय गरेको छ भने लुम्बिनी प्रदेशमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का तीन सांसदले मन्त्रीको शपथ लिएका छन्। यता बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका छन्।

नेकपा एमालेले गण्डकी प्रदेश सरकारबाट आफ्ना मन्त्री फिर्ता बोलाउने निर्णय गरेको छ। मंगलबार बसेको एमाले संसदीय दलको बोर्ड बैठकले सरकारबाट मन्त्री फिर्ता बोलाउने निर्णय गरेको दलका उपनेता लिलबहादुर थापा मगरले जानकारी दिए।

उनका अनुसार एमालेका मन्त्रीहरूले राजीनामा बुझाउने तयारी भइरहेको छ। नयाँ राजनीतिक परिस्थितिमा कसरी अघि बढ्ने भन्ने विषयमा एमालेले नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायत अन्य दलसँग संवाद सुरु गर्ने भएको छ। एमाले र नेकपाबीच अन्य प्रदेशमा सत्ता सहकार्य सुरु भइसकेको सन्दर्भमा गण्डकीमा पनि दुई दलबीच सहकार्य गरी नयाँ सरकार निर्माणका लागि पहल अघि बढाइने थापा मगरले बताए।

नेपाली कांग्रेस नेतृत्वको वर्तमान गण्डकी प्रदेश सरकारमा एमालेबाट गोविन्दबहादुर नेपाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री, भीम कार्की भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, यशोदा रिमाल उद्योग तथा पर्यटनमन्त्री र लक्ष्मण पाण्डे स्वास्थ्य मन्त्री छन्। उनीहरू गत वैशाख २ गते भएको मन्त्रिपरिषद् हेरफेरका क्रममा मन्त्री बनेका थिए।

यसैगरी, लुम्बिनी प्रदेश सरकारमा नवनियुक्त तीन मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन्। प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले मंगलबार दिउँसो उनीहरूलाई शपथ गराएका हुन्।

शपथ लिने तीनै जना नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का सांसद हुन्। दीपेन्द्रकुमार पुनलाई स्वास्थ्य मन्त्रालय, इन्द्रजीत थारूलाई आर्थिक मामिला तथा योजना मन्त्रालय तथा कृष्णा कुश्मा थारूलाई कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जिम्मेवारी दिइएको छ।

शपथ ग्रहण समारोहमा मुख्यमन्त्री चेतनारायण आचार्य, पूर्वमुख्यमन्त्री जोखबहादुर महरा, सभामुख तुलाराम घर्ती मगर, उपसभामुख मेनुका खाँड केसीलगायतको उपस्थिति थियो।

यस्तै, बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गरेका छन्। मंगलबार बसेको प्रदेशसभा बैठकमा भएको मतदानमा मुख्यमन्त्री थापाको पक्षमा ५७ मत परेको थियो भने विपक्षमा कुनै मत परेन।

थापालाई नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का २६, नेकपा एमालेका २५ तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का ७ जना सांसदले विश्वासको मत दिएका थिए। यससँगै गण्डकी, लुम्बिनी र बागमती प्रदेशमा सत्ता समीकरण तथा सरकारको संरचनामा महत्वपूर्ण परिवर्तन देखिएको छ।

जथाभावी बाटो नकाट्न आग्रह गर्दा प्रहरीमाथि हातपात

काठमाडौं/मस– काठमाडौंको बानेश्वर क्षेत्रमा डिउटीमा खटिएकी एक महिला प्रहरी जवानमाथि हातपात भएको घटनामा संलग्न एक युवकलाई प्रहरीले पक्राउ गरेको छ।

मंगलबार जथाभावी सडक पार गर्न खोजेका एक व्यक्तिलाई आकाशे पुल प्रयोग गर्न अनुरोध गर्ने क्रममा ती व्यक्तिले महिला प्रहरीमाथि दुर्व्यवहार गर्दै हातपात गरेका थिए। घटनालगत्तै प्रहरीले ती व्यक्तिलाई नियन्त्रणमा लिएको हो। पक्राउ पर्नेमा जुम्ला जिल्लाको तातोपानी गाउँपालिका-२ घर भई हाल काठमाडौं महानगरपालिका-१०, बानेश्वरमा बस्दै आएका २७ वर्षीय राज कठायत रहेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंका अनुसार डिउटीमा खटिएकी प्रहरीलाई अवज्ञा गर्दै हातपात गर्ने कठायतलाई तत्कालै पक्राउ गरी आवश्यक अनुसन्धान अघि बढाइएको छ।

प्रहरीले सर्वसाधारणलाई सडक सुरक्षासम्बन्धी नियम पालना गर्न तथा ट्राफिक व्यवस्थापनमा सहयोग गर्न समेत आग्रह गरेको छ। यसैबीच कुटपिट गर्ने युवकविरुद्ध प्रहरीले दुई वटा कसुरमा अनुसन्धान थालेको छ। कठायतविरुद्ध प्रहरीले राष्ट्रसेवकलाई बाधा विरोध गर्न नहुने र अभद्र व्यवहार गर्न नहुने कसुरमा अनुसन्धान सुरु गरेको हो। आरोपीविरुद्ध दुई वटा कसुरमा जिल्ला प्रशासन कार्यालयबाट म्याद लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ।

रौतहटको सिँचाइ नहरमा अज्ञात पुरुषको शव फेला

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ९ भदौ

रौतहटको गुजरा नगरपालिका-२ चोचास्थित सिँचाइ नहरमा मंगलबार बिहान एक अज्ञात पुरुषको शव फेला परेको छ।

हरको पानीमा बग्दै आएको अवस्थामा स्थानीयले शव देखेपछि सुरक्षाकर्मीलाई खबर गरेका थिए। बिहान करिब पौने ११ बजे शव बगिरहेको सूचना प्राप्त भएपछि सुरक्षा निकायको टोली घटनास्थल पुगेको थियो।

टनाको विस्तृत अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरबाट प्रहरी निरीक्षक दिनेश थापाको कमाण्डमा क्राइम सिन अनुसन्धान टोलीसमेत घटनास्थलमा खटिएको छ। टोलीले घटनास्थलबाट आवश्यक प्राविधिक प्रमाण संकलन गरी घटनाको प्रकृति पत्ता लगाउने प्रयास गरिरहेको प्रहरीले जनाएको छ।

हालसम्म मृतक पुरुषको नाम, थर, ठेगाना र उमेर खुल्न सकेको छैन। उनको मृत्यु हत्या, दुर्घटना वा अन्य कुनै कारणबाट भएको हो भन्नेबारे प्रहरीले अनुसन्धान गरिरहेको छ।

शवलाई पोस्टमार्टमका लागि पठाइएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

मोहम्मद डेमा कपिलवस्तुका आठ स्थानीय तहमा सार्वजनिक बिदा

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, ९ भदौ

कपिलवस्तुका आठ स्थानीय तहले इस्लाम धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व मोहम्मद जयन्तीका अवसरमा बुधबार सार्वजनिक बिदा दिएका छन्।

पैगम्बर हजरत मोहम्मदको जन्मदिनको स्मरणमा मनाइने मोहम्मद जयन्तीका अवसरमा जिल्लाका शिवराज, कपिलवस्तु, महाराजगञ्ज र कृष्णनगर नगरपालिका तथा विजयनगर, शुद्धोधन, यशोधरा र मायादेवी गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै बिदाको घोषणा गरेका हुन्।

स्थानीय तहले जारी गरेको सूचनाअनुसार आकस्मिक स्वास्थ्य सेवाबाहेक स्थानीय तहका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्र, शिक्षण संस्था र मातहतका सम्पूर्ण कार्यालय तथा संस्थाहरू बन्द रहनेछन्।

मोहम्मद जयन्ती इस्लाम धर्मावलम्बीहरूले पैगम्बर हजरत मोहम्मदको जन्मदिनको स्मरणमा धार्मिक तथा सामाजिक सद्भावका साथ विभिन्न कार्यक्रम आयोजना गरी मनाउने महत्वपूर्ण पर्व हो। कपिलवस्तुमा मुस्लिम समुदायको उल्लेख्य बसोबास रहेकाले स्थानीय तहहरूले पर्वको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेका हुन्।

डा.श्रेष्ठ र पूर्वसचिव खनाललाई हेमबहादुर मल्ल सम्मान

काठमाडौं/मस– सार्वजनिक प्रशासन, सेवा प्रवाह, व्यवस्थापन तथा संस्थागत विकासमा उल्लेखनीय योगदान पुऱ्याएका दुई व्यक्तित्वलाई हेमबहादुर मल्ल सम्मान प्रदान गरिएको छ।

नेपाल जन-प्रशासन संघले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडसँगको सहकार्यमा आयोजना गरेको कार्यक्रममा राष्ट्रपति रामचन्द्र पौडेलले डा. रामकण्ठ माकजु श्रेष्ठलाई हेमबहादुर मल्ल सम्मान २०८१ र पूर्वसचिव रामेश्वरप्रसाद खनाललाई हेमबहादुर मल्ल सम्मान २०८२ प्रदान गरे। दुवैलाई सम्मानपत्रसहित नगद दुई-दुई लाख रुपैयाँ प्रदान गरिएको थियो।

सम्मान प्रदान गर्दै राष्ट्रपति पौडेलले यस्ता सम्मानले सार्वजनिक तथा सामाजिक क्षेत्रमा उत्कृष्ट कार्य गर्न प्रेरणा दिने बताए। उनले राज्य, पेशागत संस्था, सार्वजनिक निकाय र समाजबीचको प्रभावकारी सहकार्यबाट मात्रै न्यायपूर्ण, स्वच्छ, उत्तरदायी र समृद्ध नेपाल निर्माण गर्न सकिने बताए।

राष्ट्रपति पौडेलले स्वच्छ प्रशासन, उत्तरदायित्वपूर्ण व्यवस्थापन र व्यावसायिक नेतृत्वलाई संस्थागत गर्नुपर्नेमा जोड दिए। स्वर्गीय हेमबहादुर मल्लले व्यवस्थापन तथा सार्वजनिक सेवाको क्षेत्रमा पुऱ्याएको योगदानको स्मरण गर्दै उनले उनकै नाममा स्थापित सम्मानलाई निरन्तरता दिनु सकारात्मक र प्रेरणादायी कार्य भएको बताए।

राष्ट्रपति पौडेलले हेमबहादुर मल्लसँग जोडिएको आफ्नो पुरानो स्मरणसमेत सुनाए। आफू तत्कालीन समयमा कृषिमन्त्री रहँदा मल्लले नेपालमा कफी उत्पादन विस्तार गर्नुपर्ने र अन्तर ाष्ट्रिय बजारमा नेपाली कफीको ठूलो सम्भावना रहेको सुझाव दिएको स्मरण गर्दै उनले त्यसपछि कफी विकासका लागि आवश्यक कार्यक्रम अघि बढाइएको बताए।

नेपाल जन-प्रशासन संघका अध्यक्ष मधु रमण आचार्यले स्वच्छ प्रशासन, उत्तरदायित्व, प्रभावकारी व्यवस्थापन र व्यावसायिक नेतृत्वविना सुशासन तथा दिगो विकास सम्भव नहुने बताए। प्रशासन तथा व्यवस्थापन क्षेत्रमा देखिएका असल अभ्यास, उत्कृष्ट योगदान र अनुकरणीय नेतृत्वको पहिचान तथा सम्मान गर्नु पेशागत संस्थाको महत्वपूर्ण दायित्व भएको उनले उल्लेख गरे।

कार्यक्रममा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका सञ्चालक समिति अध्यक्ष प्रदीपलाल श्रेष्ठले कर्पोरेशनले व्यावसायिक सेवासँगै सामाजिक उत्तरदायित्वलाई समेत प्राथमिकता दिँदै आएको बताए। उनले कर्पोरेशनले छ दशकभन्दा लामो समयदेखि आम उपभोक्तालाई दैनिक जीवनमा आवश्यक वस्तु सहज र सुलभ रूपमा उपलब्ध गराउँदै आएको बताए। कर्पोरेशनले नुन, चिनी, रासायनिक मल, कागज, दाल, चामल, तेल, मैदा, पिठोलगायतका वस्तु आपूर्ति गर्दै आएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले दुर्गम क्षेत्रमा समेत नुनको अभाव हुन नदिन आपूर्ति तथा भण्डारण व्यवस्थापन गर्दै आएको बताए। जनस्वास्थ्यलाई ध्यानमा राख्दै सरकारले तोकेको मापदण्डअनुसार आयोडिनयुक्त नुन उपलब्ध गराउँदै आएको पनि उनले जानकारी दिए।

सम्मान ग्रहण गर्दै वरिष्ठ चिकित्सक डा. रामकण्ठ श्रेष्ठले सम्मानले आफूले इमानदारीपूर्वक गरेको काम, सेवाप्रतिको प्रतिबद्धता र संस्थागत योगदानको समेत कदर भएको अनुभूति गराएको बताए। उनले सम्मानले आगामी दिनमा अझ जिम्मेवार, समर्पित र प्रतिबद्ध भएर काम गर्न थप प्रेरणा र ऊर्जा प्रदान गरेको बताए।

प्रभु बैंक लिमिटेड, शाखा कार्यालय नेपालगंज, बाँकेका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना।

(सूचना प्रकाशित मिति २०८३/०५/१० गते बुधबारको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) लगायत भुक्तानी सम्बन्धि शर्त कबुलियत उलघंन गर्नु भएकोले निज ऋणीलाई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई बैक संग सर्म्पकमा समेत नरही आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउन् हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय नेपालगंज, बाँके**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४२ औं दिन अर्थात मिति २०८३/०६/२१ गते बुधबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय नेपालगंज, बाँके**मा दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरण :

ऋणी : प्रेम बहादुर रोका (ना.प्र.नं. ६५१०१६/३४७, जारी मिति २०६५/०८/०२, जारी गर्ने कार्यालय जि.प्र.का. बर्दिया)। स्थाई ठेगाना : बर्दिया जिल्ला, बारबर्दिया न.पा. वडा नं. ९ (साविक धधवार गा.वि.स. वडा नं ६)। हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं १२। बाबु : नन्द लाल रोका। बाजे : दुर्ग बहादुर रोका।	**जमानतकर्ता : नन्द लाल रोका** (ना.प्र.नं. १७७/४३४, जारी मिति २०४४/१०/१८, जि.प्र.का. रोल्पा)। स्थायी ठेगाना : रोल्पा जिल्ला रोल्पा न. पा. वडा नं. ४ (साविकखुमेल गा.वि.स. वडा नं ३)। हालको ठेगाना : बर्दिया जिल्ला, बारबर्दिया न.पा. वडा नं. ९ बाबु : दुर्ग बहादुर रोका। बाजे : विक्रम रोका।
जमानतकर्ता : समिर रोका (ना.प्र.नं. ६६–०१–७०–०७१३६,जारी मिति २०७१/१२/०६, जि.प्र.का. बाँके)। स्थायी ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं १२ (साविक कोहलपुर गा.वि.स. वडा नं ४)। बाबु : नन्द लाल रोका। बाजे : दुर्ग बहादुर रोका।	**जमानतकर्ता : मालती रोका** (ना.प्र.नं. १८०७६, जारी मिति २०६९/०६/०४,जि.प्र.का. बर्दिया)। स्थाई ठेगाना : बर्दिया जिल्ला, बारबर्दिया न.पा. वडा नं. ९ (साविक धधवार गा.वि.स. वडा नं ६)। हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं १२। बाबु : बेगभरण थापा। पति : नन्द लाल रोका। ससुरा : दुर्ग बहादुर रोका।
जमानतकर्ता : प्रमिला वली (ना.प्र.नं. ६४१०२६/१०१६०८, जारी मिति २०६७/११/०३, जि.प्र.का. सुर्खेत)। स्थायी ठेगाना : सुर्खेत जिल्ला भेरीगंगा न.पा. वडा नं. ५ (साविक छिन्चु गा.वि.स. वडा नं. १)। हालको ठेगाना : बाँके जिल्ला कोहलपुर न.पा. वडा नं १२। पति : प्रेम बहादुर रोका। ससुरा : नन्द लाल रोका।	**लिलाम विक्री हुने धितो सुरक्षणको विवरण :** **नन्द लाल रोका**को नाममा मालपोत कार्यालय नेपालगञ्ज, बाँकेमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, चटार गा.वि.स. वडा नं ४, नक्सा सिट नं. ४ङ,कित्ता नं. २७०७ क्षेत्रफल ०–०–५–० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत १

पुनश्च :
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय नेपालगंज बाँके**बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय नेपालगंज, बाँके**मा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७६/०६/०९ मा दर्ता भएको **प्रा. लि. नं. २२५८८६** को श्री **त्रिसुभ रेमिटान्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०४८/०४/१३ मा दर्ता भएको **प्रा.लि.नं. ४६४४** को **समृद्धी प्लाष्टिक इण्डष्ट्रिज प्रा. लि.** को मिति २०८३/०४/२७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्कः ९८६३५४२२९०

कुवेतमा रोजगार
कम्पनी : UNITED NEAMA GROUP GENENERAL TRADING & CONTRACTING CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०१/१५ चलानी नं.: ६०२५४४५६ LT. No.: 341146 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Helper	38	0	स. काममा दक्ष	95	४७,३५२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

KHAGOL OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ६३५/०६३/०६४
Naya Baneshwor, Kathmandu, Nepal, Tel.No. : +977-1-5244046, 5244747, 5244448, 9801022869, 9705695555, 9851019574, Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com, Website: www.khagoloverseas.com.np,

कुवेतमा रोजगार
कम्पनी : AL HANA UNITED FOR GEN. CLEANING OF BUILDING AND ROAD CLEANING ACTIVITIES CO. शहर : KUWAIT
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ चलानी नं.: ६०२६०२१८ LT.No.:347002

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER / STEWARD	50	35	स. काममा दक्ष	90	४४८६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	

EVE NEPAL OVERSEAS PVT. LTD.
Govt.Lic.No: 1013/068/69
Shantinagar, Kathmandu, Tel No: 4107520, 4622436
Email: evenepal88@gmail.com, Website: www.evenepaloverseas.com

बहराइनमा रोजगार
कम्पनीः QUALITY WIRE PRODUCTS W.L.L शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८२/०७/२६ चलानी नं.:६०२४७२८५ LT. No.: 332753 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब BD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Welders (Fcaw/tig/arc/stainless Steel)	19	0	स. काममा दक्ष	120	४८,६६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

VISION INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Govt. Lic. No. 392/059/060
Satdobato,near Olympic Building, Lalitpur, Nepal,
Phone: 5201283, 5200523 , P.O.Box: 8975, EPC 1858.
Email: emp.vision12@gmail.com, Website:www.visioninte.com

युएईमा रोजगार
कम्पनी : DUSSMANN GULF- SOLE PROPRITORSHIP L.L.C. शहर : UAE
पूर्व स्वीकृत मिति: २०८३/०५/०८ चलानी नं.: ६०२६०२१७ L.T. No.:347043

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CLEANER (GENERAL)	100	0	स. काममा दक्ष	1000	४१६३०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १७ देखि २२ गतेसम्म (2 to 7 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

UNITED PLACEMENT AND EMPLOYMENT SERVICE PVT. LTD.
पो.ब.नं. ८९७५, इपिसी १८२१, चावहिल, काठमाडौं, नेपाल, फोनः ४५८३९९७
श्रम इजाजत नं. ४४/०४९/०५०
E-mail: upesoverseas44@gmail.com / unitedplacement121@gmail.com /info@upesoverseas.com

ओमनमा रोजगार
कम्पनीः ZAHOOR AL HAYA TRED L L C शहरः OMAN,NORTH BATINAH / AL-SUWAIQ / BATHA AL HILAL
पूर्व स्वीकृत मितिः २०८३/०५/०९ चलानी नं.: ६०२६०२४४ LT. No.:347094

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	WOMEN HAIR DRESSER	0	1	सम्बन्धित काममा दक्ष	170	६७५१७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	MANICURIST/PEDICURIST	0	1		170	६७५१७							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

SKY OF THE WORLD MANPOWER PVT. LTD.
श्रम इ. पत्र नं.: १०३५/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9851068774
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

कुवेतमा रोजगार
कम्पनीः NBS GENERAL CONTRACTING COMPANY FOR BUILDING शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०६/२० चलानी नं.: ६०२४५५५५ L.T. No.: 331908 पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner Indoor	2	0	सम्बन्धित काममा दक्ष	90	४४,८६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Heavy Driver	3	0		170	८४,७३६							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १७ गते (2 September 2026) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,००० कामदारले

SHARON MANPOWER SERVICES PVT.LTD.
Govt.Lic.No.: 647/063/064
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Saroj Gautam : 9851038901 Basant Rana : 9801026390

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

होस्टेलमा राज्यको नजर पुगोस्

काठमाडौं उपत्यकासहित ठुला सहरमा पढ्न आउने विद्यार्थीका लागि होस्टेलहरू डेराको राम्रो विकल्प बनेका छन् । परिवारसँग टाढा बसेका विद्यार्थीले सुरक्षित वातावरण पाउनुपर्छ । उनीहरूले राम्रो खाना, सफा कोठा र पढ्ने वातावरण पाउनुपर्छ । तर, पछिल्ला घटनाले होस्टेलको अवस्था यसअनुसार नभएको देखाएका छन् । शंखमूलको होस्टेलमा २२ वर्षीय वसन्त कालाथोकीको हत्याले अव्यवस्था र बेथितिलाई उजागर गरेको छ । यसले होस्टेलको सुरक्षा व्यवस्थामाथि नै प्रश्न उठाएको छ ।

बालकुमारीको एउटा होस्टेलमा विद्यार्थीले खानामा किरा भेटिएको गुनासो गरे । गुनासो सुन्नुको सट्टा उनीहरूमाथि दुर्व्यवहार भयो । राति नै छात्रालाई होस्टेलबाट निकालियो । अनुगमनका क्रममा बासी र सडेको खाना खुवाउने गरेकोसमेत भेटियो । प्रशासनले कारबाही गरेपछि मात्र घटना बाहिर आयो । होस्टेलहरूमा यस्ता घटना दोहोरिइरहेका छन् । पछिल्लो एक दशकमा होस्टेलको संख्या उल्लेख्य रूपमा बढेको छ । तर, नियमन भने त्यसअनुसार बढेको देखिँदैन । कतिसम्म भने काठमाडौं उपत्यकामा कति होस्टेल छन् भन्ने यकिन तथ्यांकसमेत सम्बन्धित निकायसँग छैन । कति दर्ता छन् ? कति नवीकरण भएका छन् ? कति विद्यार्थी बस्छन् ? यसको व्यवस्थित अभिलेख छैन ।

काठमाडौं महानगरपालिकाले २०८०मा होस्टेल सञ्चालन मापदण्ड बनाएको छ । जिल्ला प्रशासन कार्यालयले पनि पछिल्ला घटनापछि २१ बुँदे मापदण्ड पालना गर्न निर्देशन दिएको छ । दर्ता, विद्यार्थीको विवरण, वार्डेन, सुरक्षा, सिसिटिभी, स्वस्थ खाना, सरसफाइ, प्राथमिक उपचार र आपत्कालीन व्यवस्थालगायत विषय यसमा समेटिएका छन् । तर, मापदण्ड बनाएर मात्र पुग्दैन । त्यो व्यवहारमा लागू हुनुपर्छ । मापदण्ड बनाउँदा होस्टेलको वास्तविक अवस्था र विद्यार्थीको आवश्यकता पनि ध्यान दिनुपर्छ । अत्यन्त कठिन वा अव्यावहारिक नियम बनाएर मात्र पनि समस्याको सही समाधान निस्कँदैन । त्यसैले स्पष्ट, व्यावहारिक र लागू गर्न सकिने मापदण्ड आवश्यक छ ।

त्यसो त, अहिलेको अव्यवस्थामा सबैभन्दा धेरै होस्टेल सञ्चालक जिम्मेवार छन् । उनीहरूको काम विद्यार्थी राखेर शुल्क उठाउने मात्र होइन । उनीहरूको सुरक्षा र सुविधाको जिम्मेवारी पनि लिनुपर्छ । क्षमताभन्दा बढी विद्यार्थी राख्ने, कमजोर सुरक्षा व्यवस्था गर्ने वा गुणस्तरहीन खाना खुवाउँदा समग्र होस्टेलहरूकै बदनाम भइरहेको छ । स्थानीय तह, जिल्ला प्रशासन र प्रहरीको भूमिका अझ महत्त्वपूर्ण छ । अहिलेको समस्याको मुख्य कारण नियमित अनुगमन नहुनु हो । अव्यावहारिक मापदण्ड बनेको भन्दै सञ्चालकहरूले दुई वर्षदेखि होस्टेल दर्ता र नवीकरणसमेत गरेका छैनन् । अव्यावहारिक छ भने मापदण्ड संशोधन गर्ने हो, अवज्ञा गर्ने होइन । विद्यार्थीको सुरक्षा कुनै घटना भएपछि सम्झिने विषय होइन । होस्टेल सुरक्षित बनाउन मापदण्ड, नियमित नियमन र सबै जिम्मेवार निकायको निरन्तर प्रयास आवश्यक छ ।

लोकतान्त्रिक गणतन्त्र र आर्थिक विकास

चार दशकमा नेपाली अर्थतन्त्रको वार्षिक औसत वृद्धिदर ४ प्रतिशतको न्यून विन्दुमै सीमित हुन पुगेको छ । आर्थिक वर्ष २०३६/३७मा २.३ प्रतिशतको ऋणात्मक वृद्धिदर भोगेको नेपालले आर्थिक वर्ष २०४०/४१मा १० प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गरेको थियो । यसले नेपाली अर्थतन्त्रको अस्थिरता र उच्च उतारचढाव देखाउँछ । राजनीतिक परिवर्तन र लोकतान्त्रिक गणतन्त्रका बाबजुद नेपालको अर्थतन्त्र अझै सुशासनको अभाव, भ्रष्टाचार र चुलिँदो व्यापार घाटाको दुष्चक्रमा जेलिएको छ ।

अग्रलेख

● डा. सुमनकुमार रेग्मी

संघीय लोकतान्त्रिक गणतन्त्र राजनीतिक अधिकारको प्राप्ति वा आवधिक निर्वाचनको निरन्तरता मात्र होइन । यो व्यवस्थाभित्र शान्तिपूर्ण रूपमा आर्थिक-सामाजिक क्रान्ति गर्ने अधिकार मान्यता दिइएको हुन्छ । आर्थिक-सामाजिक न्याय, नागरिक समाजको सशक्तिकरण र बृहत्तर मानव कल्याणका सिद्धान्तलाई समेटेको राजनीतिक ढाँचा नै सच्चा गणतन्त्र हो । यसलाई संकुचित राजनीतिक अर्थमा मात्र सीमाबद्ध गरिनुहुँदैन । यसमा सामाजिक, आर्थिक, दार्शनिक, शैक्षिक र मानवीय जीवनका समग्र आयाम समेटिनुपर्छ । लोकतान्त्रिक ढाँचाभित्र हरेक नागरिकले अधिकारको उपभोगसँगै आफ्नो कर्तव्य र जिम्मेवारी पूरा गर्ने अपेक्षा गरिन्छ ।

तर, नेपालको वर्तमान राजनीतिक-आर्थिक परिदृश्यलाई हेर्दा लोकतन्त्रको यो मर्म र व्यवहारबीच ठुलो खाडल देखिन्छ । देशमा मौलाउँदै गएको कालोबजारी, झाँगिँदै गएको भ्रष्टाचार र निरन्तरको मूल्यवृद्धिले आमनागरिकको ढाड सेकिएको छ । रातारात अस्वाभाविक तरिकाले अर्बपति बन्ने र विषम परिस्थितिको अनुचित फाइदा उठाउने प्रवृत्ति समाजमा व्यापक बनेको छ । विकृति र विसंगति नियन्त्रणका लागि सर्वसाधारण नागरिकबाट सरकारमाथि जति बलियो दबाब हुनुपर्ने हो, त्यो हुन सकिरहेको छैन । यस्तो निराशाजनक अवस्थाबाट देशको कर्मचारीतन्त्र र राजनीतिक नेतृत्व अछुतो रहन सकेको छैन । विडम्बना नै भन्नुपर्छ, नेपालमा पटक-पटक बनेका कुनै पनि सरकारले धनी र गरिबबीचको फराकिलो खाडल कम गर्ने दिशामा ठोस र परिणाममुखी प्रयाससम्म गरेनन् । फलस्वरूप, देशमा गरिबी र असमानता झन्-झन् गहिरिँदै गएको छ ।

आर्थिक विकृतिको अन्त्यका लागि राज्यको नीति निर्माण र कार्यान्वयनको पदमा बस्नेहरूले मानवीय दृष्टिकोण अपनाउनु अत्यावश्यक छ । सिद्धान्त र निष्ठामा अडिग रहने राजनीतिक संस्कारको विकासविना सुशासन सम्भव छैन । पारदर्शितालाई बढावा दिँदै भ्रष्टाचारीलाई कठोर कारबाही गर्ने स्पष्ट, निष्पक्ष र प्रभावकारी प्रावधानहरूको कार्यान्वयन हुनुपर्छ । मानवीय स्वभाव समय र अवसरअनुसार बहकिने खालको हुने भएकाले उपयुक्त नियन्त्रण र सन्तुलन नभए भ्रष्टाचार झनै बढेर जाने खतरा रहन्छ । त्यसैले गणतान्त्रिक बहुदलीय व्यवस्थालाई सुदृढ र जनमुखी बनाउन भ्रष्टाचार हुनसक्ने सम्भावित क्षेत्रहरूको निरन्तर जाँच-पड्ताल हुनुपर्छ र भ्रष्टाचार न्यूनीकरणका उपायहरूलाई कडाइका साथ लागू गरिनुपर्छ ।

आर्थिक वृद्धिको आरोह-अवरोह

नेपालको आर्थिक इतिहासलाई हेर्दा आर्थिक वृद्धिदर सधैं उतारचढावपूर्ण र अस्थिर रहँदै आएको छ । विगत चार दशकभन्दा बढी समयको तथ्यांक विश्लेषण गर्दा अर्थतन्त्रको वार्षिक औसत वृद्धिदर ४ प्रतिशतको न्यून विन्दुमै सीमित हुन पुगेको देखिन्छ । आर्थिक वर्ष २०३६/३७ मा २.३ प्रतिशतको ऋणात्मक वृद्धिदर भोगेको नेपालले आर्थिक वर्ष २०४०/४१मा १० प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गरेको थियो । यो दुई विन्दुबीचको भिन्नताले नेपाली अर्थतन्त्रको अस्थिरता र उच्च उतारचढावलाई स्पष्ट रूपमा पुष्टि गर्दछ ।

राजनीतिक परिवर्तनका विभिन्न कालखण्डमा आर्थिक वृद्धिका लक्ष्य र उपलब्धिबीच ठुलो अन्तर रहँदै आयो । आर्थिक वर्ष २०५६/५७मा ६.१ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको थियो, जुन समयमा आमनिर्वाचन भई नयाँ सरकार गठन भएको र द्वन्द्वका बीच पनि बजारमा केही उत्साह देखिएको थियो । तर, सशस्त्र द्वन्द्व तीव्र बनेको आर्थिक वर्ष २०५८/५९मा आर्थिक वृद्धिदर खस्किएर ०.१२ प्रतिशतमा सीमित भयो । पछि आर्थिक वर्ष २०६४/६५ र २०७०/७१ मा आर्थिक वृद्धिदर ५ प्रतिशतभन्दा माथि पुगे पनि अन्य धेरैजसो वर्षहरूमा यो ४ प्रतिशतको हाराहारीमै अल्झिरह्यो ।

आर्थिक वर्ष २०६०/६१ देखि २०७३/७४ सम्मको १४ वर्षको अवधिमा नेपालको आर्थिक वृद्धिदर क्रमशः ४.४, ३.२, ३.७, २.७५, ५.८, ३.९, ४.२६, ३.८५, ४.६१, ३.७६, ५.७२, २.९७, ०.०१ र ६.९४ प्रतिशत रह्यो । आर्थिक वर्ष २०७२/७३मा विनासकारी भूकम्प र नाकाबन्दीका कारण आर्थिक वृद्धिदर ०.०१ प्रतिशतमा झरेको थियो भने त्यसको लगत्तै आर्थिक वर्ष २०७३/७४मा अनुकूल मौसम, रासायनिक मल तथा बीउबिजनको उपलब्धता, विद्युत् आपूर्तिमा सुधार र सहज आपूर्तिका कारण आर्थिक वृद्धिदर ६.९४ प्रतिशत पुगेको थियो, जुन आर्थिक वर्ष २०५०/५१ (७.६ प्रतिशत) यताकै उच्च वृद्धि थियो ।

वैदेशिक व्यापारमा चुलिदो घाटा

नेपालको अर्थतन्त्रको सबैभन्दा कमजोर र संवेदनशील पक्ष भनेको वैदेशिक व्यापारमा विद्यमान उच्च असन्तुलन र फराकिलो व्यापार घाटा हो । देशमा उत्पादनमूलक क्षेत्रको विकास हुन नसक्दा र उपभोगमुखी संस्कृति बढ्दै जाँदा आयातमा निर्भरता अत्यधिक बढेको छ भने निर्यात व्यापार निरन्तर ओरालो लाग्दो वा नगण्य अवस्थामा छ ।

विगतका वर्षहरूदेखि हालसम्मको वैदेशिक व्यापारको शृखलाबद्ध तथ्यांकले नेपाली अर्थतन्त्रको डरलाग्दो चित्र प्रस्तुत गर्दछ :

आर्थिक वर्ष २०७८/७९ : कुल आयात रु. १९ खर्ब २० अर्ब र निर्यात रु. २ खर्ब हुँदा व्यापार घाटा इतिहासकै उच्च अर्थात् रु. १७ खर्ब ४५ अर्ब पुगेको थियो ।

आर्थिक वर्ष २०७९/८० : आयातमा गरिएका केही कडाइका कारण आयात घटेर रु. १६ खर्ब ११ अर्ब र निर्यात रु. १ खर्ब ५७ अर्बमा सीमित हुँदा व्यापार घाटा रु. १४ खर्ब ५४ अर्ब रहन पुग्यो । आर्थिक वर्ष २०८०/८१ : कुल आयात रु. १५ खर्ब ९२ अर्ब र कुल निर्यात रु. १ खर्ब ५२ अर्ब रहँदा व्यापार घाटा रु. १४ खर्ब ४० अर्ब कायम भयो ।

आर्थिक वर्ष २०८१/८२ : आन्तरिक उत्पादनमा अपेक्षित सुधार हुन नसक्दा र विश्वव्यापी मूल्यवृद्धिका कारण कुल आयात करिब रु. १५ खर्ब ९५ अर्ब पुग्यो भने निर्यात झनै खस्किएर रु. १ खर्ब ४५ अर्बमा सीमित भयो । फलस्वरूप व्यापार घाटा पुनः बढेर रु. १४ खर्ब ५० अर्ब नाघ्न पुग्यो ।

आर्थिक वर्ष २०८२/८३ : निर्यात अघिल्लो आर्थिक वर्षको रु. २ खर्ब ७७ अर्ब ३ करोडबाट १३.८१ प्रतिशतले बढेर रु. ३ खर्ब १५ अर्ब २९ करोड पुगेको हो । यो हालसम्मकै उच्च वार्षिक निर्यात हो । तर, आयात १६.२० प्रतिशतले बढेर रु. २० खर्ब ९६ अर्ब ३७ करोड पुगेपछि व्यापार घाटा पनि अघिल्लो वर्षको रु. १५ खर्ब २७ अर्ब ९ करोडबाट १६.६३ प्रतिशतले बढेर रु. १७ खर्ब ८१ अर्ब ८ करोड पुगेको छ ।

निर्यातभन्दा आयात निरन्तर ६ देखि १० गुणासम्म बढी हुनुले मुलुकको शोधानन्तर स्थिति र वैदेशिक मुद्रा सञ्चितिमा निरन्तर दबाब सिर्जना गरिरहेको छ । यसले देशभित्र उत्पादित वस्तु तथा सेवाको निर्यात बढाउन र वैदेशिक व्यापारमा सन्तुलन कायम गर्न 'वाणिज्य नीति २०७२' लाई २०८०मा परिमार्जन गर्दै लागू गरेको छ । साथै 'निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि २०८०' समेत निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ । तर, नीतिगत व्यवस्था र सुविधाहरू कागजमा सीमित हुनु, कार्यविधिगत जटिलता रहनु र उत्पादनमूलक उद्योगहरूलाई पर्याप्त प्रोत्साहन नमिलुन्जेल आयात र निर्यातबीचको यो फराकिलो दूरी घट्न सक्दैन ।

गरिबी, लोकतन्त्र र राजनीतिक अर्थतन्त्र

गरिबी आयको कमी मात्र होइन, यो अवसर, पहुँच र अधिकारको अभाव पनि हो । एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विकासोन्मुख राष्ट्रहरूका लागि गरिबी निवारण सधैं मुख्य चुनौती रहँदै आएको छ । सच्चा प्रजातन्त्र वा लोकतन्त्र त्यो हो, जसले गरिबी निवारणका लागि ढोका खोल्छ र आमनागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउँछ । यसका लागि सामूहिक मानवीय साधन र मुलुकको प्राकृतिक तथा आर्थिक सम्पत्तिको न्यायोचित वितरण गर्न कडा कानुन र नीतिको आवश्यकता पर्दछ ।

मानवीय स्वतन्त्रताको विस्तार गर्नु नै राजनीतिको मूल नैतिक र आध्यात्मिक उद्देश्य हो । समाजलाई कुनै अमूर्त राज्य वा राष्ट्रको फाइदाका लागि मात्र होइन, बरु जीवित मानवीय घटकहरू—नागरिकहरूको सर्वांगीण हितका लागि रूपान्तरण र क्रान्तिकारी बनाउनु आवश्यक छ ।

सन् १९९० (वि.सं. २०४६)को राजनीतिक परिवर्तनपछि देशमा समाजको आर्थिक-सामाजिक रूपान्तरणका लागि बृहत् आधार तयार हुने अपेक्षा गरिएको थियो । तर, बितेका तीन-चार दशकमा नागरिकको दैनिकीमा महसुस हुने गरी ती आधारभूत परिवर्तनहरू देखापर्न सकेनन् । राजनीतिक प्रणाली फेरिए, सरकार फेरिए, तर आमजनताको नियति फेरिएन । सन् १९९०मा बहुदलीय प्रजातन्त्र र त्यसपछि २०६२/६३को परिवर्तनमार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गरिए पनि सुशासन, आर्थिक विकास र जनजीविकाका सवालमा राजनीतिक नेतृत्वले बाटो भुलेको भान हुन्छ ।

अब केवल सत्ता र राजनीतिक दल फेर्ने परम्परागत खेलबाट माथि उठेर समाज र अर्थतन्त्रलाई आमूल रूपान्तरण गर्ने दिशामा ठोस कदम चाल्नुपर्ने समय आएको छ । अर्थतन्त्रलाई परनिर्भरताबाट आत्मनिर्भरतातर्फ लैजान, भ्रष्टाचारमुक्त सुशासन कायम गर्न र लोकतन्त्रका वास्तविक लाभहरू गाँउ-गाउँका गरिब र उत्पीडित जनतासम्म पुर्याउन नयाँ अर्थराजनीतिक सोच र प्रतिबद्धताको खाँचो छ ।

(**लेखक व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी हुन् ।**)

काठमाडौंमा छोराछोरी पढाउनै गाह्रो

समाज

● मोहनकुमार दाहाल

काठमाडौं उपत्यकामा विद्यालय शिक्षाको लागत स्थानीय निकायको मापदण्डभन्दा कयौं गुणा महँगो बन्दै गएको छ । पारदर्शी विवरणको अभावमा अभिभावकहरू प्रत्यक्ष प्रशासनिक पहुँच र स्थानीय नियमनबारे सचेत नभई शैक्षिक बजेट व्यवस्थापन गर्न असमर्थ भइरहेका छन् ।

काठमाडौं उपत्यकामा छोराछोरी पढाउनु आजका अभिभावकका लागि एउटा ठुलो चुनौती बनेको छ । शिक्षाको गुणस्तर, वातावरण र पाठ्यक्रमको स्वरूपसँगै सबैभन्दा महत्त्वपूर्ण विषय बनेको छ- शुल्कको भारी बोझ । उपत्यकाका नाम चलेका निजी विद्यालयले आफ्नो वास्तविक शुल्क संरचना, भर्ना शुल्क र अतिरिक्त शीर्षकका खर्चहरू सार्वजनिक रूपमा उपलब्ध नगराउँदा अभिभावक अन्योलमा पर्ने गरेका छन् ।

स्थानअनुसार र संस्थाको प्रकृतिअनुसार विद्यालयको लागत र सेवामा ठुलो अन्तर पाइन्छ । काठमाडौं उपत्यकाका निजी विद्यालयलाई उनीहरूको पूर्वाधार, जनशक्ति र प्रदान गर्ने सुविधाका आधारमा मुख्यतः तीनवटा तहमा विभाजन गरेर हेर्न सकिन्छ । पहिलो तहमा विशेष गरी अन्तर्राष्ट्रिय पाठ्यक्रम (जस्तै : आइबी, क्याम्ब्रिज ए-लेभल वा अमेरिकी ढाँचा) अवलम्बन गर्ने उच्च प्रिमियम तथा अन्तर्राष्ट्रिय विद्यालय पर्छन् । यहाँ अध्ययन गर्ने विद्यार्थी मुख्यतया उच्च पदासीन अधिकारी, कूटनीतिक नियोगका प्रतिनिधि वा उच्च आर्थिक स्तर भएका परिवारका हुन्छन् । यस्ता संस्थामा मासिक र वार्षिक शुल्क सामान्य औसतभन्दा कयौं गुणा बढी हुने गर्छ र वार्षिक लागत नै लाखौं रुपैयाँसम्म पुग्छ ।

दोस्रो तहमा राष्ट्रिय पाठ्यक्रम एनइबी वा विदेशी बोर्ड (सिबिएसई आदि)सँग सम्बद्ध स्थापित तथा नाम चलेका निजी विद्यालय आउँछन् । शैक्षिक नतिजा र पूर्वाधारका कारण अभिभावकको पहिलो रोजाइमा पर्ने यी विद्यालयले 'गैर-नाफामूलक' वा 'सेवामूलक' दावी गरे तापनि यिनको मासिक शुल्क र अन्य शीर्षकको खर्च स्थानीय निकायले तोकेको सीमाभन्दा निकै माथि हुन्छ । अधिकांश यस्ता विद्यालयले आफ्नो पूर्ण शुल्क विवरण सार्वजनिक वेबसाइटमा नराख्ने हुनाले अभिभावकले प्रत्यक्ष भ्रमण नगरी लागत अनुमान गर्न सक्दैनन् ।

तेस्रो तहमा मध्यम तथा किफायती निजी विद्यालय पर्छन्, जसले मध्यमवर्गीय परिवारलाई लक्षित गरेर तुलनात्मक रूपमा पहुँचयोग्य शुल्कमा अध्ययन-अध्यापन गराइरहेका हुन्छन् । केही विद्यालयले उद्योग वा औद्योगिक घरानाको सामाजिक उत्तरदायित्वअन्तर्गत वा छात्रवृत्तिको व्यवस्था गरेर गुणस्तरीय शिक्षा उपलब्ध गराउने प्रयास गर्छन् । तर, यस्ता विद्यालयमा पनि वार्षिक शुल्क र अतिरिक्त क्रियाकलापका नाममा हुने खर्च थपिँदा अन्तिम लागत अभिभावकका लागि भारी नै बन्ने गर्छ ।

स्थानीय सरकारले तोकेको शुल्क र वास्तविकता

काठमाडौंका बूढानीलकण्ठ, नागार्जुन र कीर्तिपुरजस्ता नगरपालिकाले निजी विद्यालयले लिन पाउने अधिकतम र न्यूनतम शुल्क निर्धारण गरेका छन् । यी नगरपालिकाले विद्यालयलाई 'क', 'ख', र 'ग' श्रेणीमा वर्गीकरण गरी शुल्क तोकेका छन् । बूढानीलकण्ठ र नागार्जुन नगरपालिकाले कक्षा १ मा 'क' श्रेणीको विद्यालयका लागि ४,२९० रुपैयाँ, 'ख' श्रेणीका लागि ३,५७५ रुपैयाँ र 'ग' श्रेणीका लागि २,८६० रुपैयाँ मासिक शुल्क तोकेका छन् । त्यस्तै, कक्षा १० मा 'क' श्रेणीको

एआई

विद्यालयले अधिकतम ७,७५५ रुपैयाँसम्म मासिक शुल्क लिन पाउने व्यवस्था गरिएको छ । कीर्तिपुर नगरपालिकाले भने कक्षा ९-१० का लागि 'क' श्रेणीको विद्यालयमा अधिकतम ७,४३६ रुपैयाँ मासिक शुल्क निर्धारण गरेको छ ।

यी नगरपालिकाले श्रेणीका आधारमा शुल्क निर्धारण गरे पनि एउटै श्रेणीका विद्यालयले नगरपालिकाअनुसार फरक-फरक शुल्क लिन पाउने व्यवस्था छ । यसका साथै स्थानीय निकायले शिक्षा मन्त्रालयको निर्देशिका अनुसार निजी विद्यालयले कुल १४ वटा निश्चित शीर्षकमा मात्र शुल्क लिन पाउने व्यवस्था गरेका छन् । जसमा भर्ना शुल्क एकपटक मात्र लिन पाइने र त्यो एक महिनाको ट्युसन शुल्कभन्दा बढी हुन नपाउने, वार्षिक शुल्क दुई महिनाको ट्युसन शुल्कभन्दा बढी नहुने, र परीक्षा शुल्क आधा महिनाको ट्युसन शुल्कमा सीमित हुनुपर्ने स्पष्ट नियम छ । तर व्यवहारमा, उपत्यकाका धेरैजसो प्रतिष्ठित निजी विद्यालयको मासिक तथा अन्य शुल्क स्थानीय निकायले तोकेका यी मापदण्डभन्दा कयौं गुणा बढी हुने गरेको पाइन्छ । स्थानीय तहको कमजोर अनुगमन र पारदर्शी तथ्यांकको अभावले गर्दा यी नियमहरू कागजमै सीमित बनेका छन् ।

अभिभावकले अपनाउनुपर्ने सचेतना

शुल्कको अस्पष्ट संरचनाका बीच आफ्ना बालबालिकाका लागि सही विद्यालय छनोट गर्न अभिभावक आफैं सजग हुन आवश्यक छ । विद्यालयको वेबसाइट वा विज्ञापनमा पूर्ण विवरण नहुने भएकाले प्रशासनिक कार्यालयमै पुगेर लिखित रूपमा सबै खर्चको सूची माग्नु सबैभन्दा प्रभावकारी माध्यम हुन्छ । केवल मासिक ट्युसन शुल्क मात्र नहेरी भर्ना, वार्षिक, शैक्षिक सामग्री, यातायात, खाना, पोसाक, अतिरिक्त क्रियाकलाप र शैक्षिक भ्रमणजस्ता अतिरिक्त खर्च जोडेर कुल वार्षिक बजेट अनुमान गर्नुपर्छ । साथै, आफ्नो पालिकाले तोकेको शुल्क सीमा र स्वीकृत १४ शीर्षकबारे जानकारी राखेमा विद्यालयले नियमविपरीत रकम असुल गरेमा स्थानीय शिक्षा शाखामा उजुरी दिन सजिलो हुन्छ । पहिले नै अध्ययनरत विद्यार्थीका अभिभावकसँग परामर्श गर्दा पनि विद्यालयको वास्तविक खर्चबारे थप स्पष्टता मिल्छ ।

काठमाडौंको निजी शिक्षा क्षेत्र शुल्कका दृष्टिले निकै विषम बनेको छ । एकातिर सर्वसाधारणको पहुँचबाहिर रहेका महँगा संस्था छन् भने अर्कातिर किफायती दाबी गर्ने, तर अतिरिक्त शुल्कका नाममा बोझ थप्ने विद्यालय छन् । विद्यालयले आफ्नो शुल्क संरचना पारदर्शी रूपमा सार्वजनिक नगर्नाले अभिभावक निरन्तर दोधारमा पर्ने गरेका छन् । यस समस्याको दिगो समाधानका लागि स्थानीय निकायले अनुगमन र नियमनलाई कडा बनाउनु आवश्यक छ । उल्लिखित सबै विद्यालयको शुल्क संरचना समयअनुसार परिवर्तन हुने भएकाले नवीनतम र आधिकारिक जानकारीका लागि सम्बन्धित विद्यालय प्रशासनमा प्रत्यक्ष सम्पर्क गर्नु नै सबैभन्दा उपयुक्त कदम हुनेछ ।

इतिहासको पाना ● रतन भण्डारी

गोर्खा भर्ती : छैन क्षतिको अभिलेख

सुगौली सन्धि हुनुअघि नै अर्थात् नेपाल-अंग्रेज युद्धकै क्रममा सन् १८१५ अप्रिलमा इस्ट इन्डिया कम्पनीले गैरकानुनी रूपमा नेपाली युवाको छाती नाप्दै आफ्नो सेनामा भर्ती सुरु गरेको थियो । सन् १९४७मा नेपाल, भारत र बेलायतबीच भएको त्रिपक्षीय सम्झौतापछि यो प्रथा बेलायत र स्वतन्त्र भारत दुवैका लागि झनै संस्थागत बन्यो ।

यस अवधिमा प्रथम र दोस्रो विश्वयुद्धसहित बेलायती साम्राज्यवादको विस्तार र रक्षाका लागि हजारौं नेपाली युवाले ज्यान गुमाए । लाखौं घाइते तथा अपांग भए भने हजारौं बेपत्ता र युद्धबन्दी बनाइए । यस प्रक्रियामा कैयौं परिवार घरबारविहीन भई विदेशमै पलायन हुन बाध्य भए । हजारौं महिलाको सिन्दुर पुछियो र बालबालिका टुहुरा बने ।

विडम्बना ! त्यो कहालीलाग्दो मानवीय, आर्थिक, सामाजिक र सांस्कृतिक क्षतिको कुनै आधिकारिक अभिलेख राखिएन । न त राज्यस्तरबाट बेलायतसँग क्षतिपूर्ति माग गरियो, न त मृतक, घाइते र अपांको उचित मूल्यांकन नै भयो ।

विदेशी सेनामा नागरिक पठाएर भाडाका सैनिक बनाउने यो परम्परा सार्वभौमसत्ता र आधुनिक मानवअधिकारको मान्यताविपरीत छ । त्यसैले बेलायत र भारतले नेपाली युवाको छाती नाप्ने यस प्रथाको स्थायी अन्त्य हुनुपर्छ । यो असमान र अपमानजनक प्रथा नहटेसम्म नेपालको वास्तविक स्वाधीनता र स्वाभिमानमाथि निरन्तर प्रश्न उठिरहनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

‘रेडबुल १३औं कृति अवाड्र्स’ आयोजनाको घोषणा, २४ वटा नयाँ विधा थपियो

काठमाडौं/मस- नेपालको विज्ञापन उद्योगको सर्वोच्च सम्मान ‘कृति अवाड्र्स २०८३’ आयोजनाको आधिकारिक घोषणा गरिएको छ । ‘रेडबुल इनर्जी ड्रिंक्सले मुख्य प्रायोजन गरेकोले रेडबुल १३औं कृति अवाड्र्स २०८३ नामाकरण गरिएको छ । यस वर्षको आयोजनालाई नेपाल मिडिया सोसाइटी, मिडिया एलायन्स नेपाल ब्रोडकास्टिङ एसोसिएसन, एकोन्याब, र ब्रोडकास्टर्स फोरम पनि सहआयोजकका रूपमा छन् । यस्तै, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्स र नेपाल सरकारको विज्ञापन बोर्डले इन्डोर्समेन्टसहित सम्बन्धन मान्यता प्रदान गरेका छन् । नेपाल विज्ञापन संघ नेपाल (आन) को आयोजना तथा मुख्य प्रायोजक रेडबुलको सहकार्यमा आगामी महिना भव्य रूपमा अवार्ड समारोह आयोजना गर्न लागिएको हो । ‘कृति अवाड्र्स’ले नेपाली विज्ञापन, मार्केटिङ तथा सञ्चारक्षेत्रमा उत्कृष्ट योगदान पु्याउने एजेन्सी, सिर्जनाकर्ता र ब्रान्डहरूलाई सम्मान गर्दै आएको छ । १३औं संस्करणसम्म आइपुग्दा यसले नेपाली मार्केटिङ क्षेत्रको सिर्जनात्मकता र नवप्रवर्तनलाई प्रोत्साहन गर्ने मुख्य थलोको रूपमा पहिचान बनाएको छ ।

यसपटक टेलिभिजन, छापा, रेडियो, डिजिटल, प्रिन्ट, सामाजिक सञ्जाल तथा एकीकृत अभियान गरी ३१ विधामा ५५ वटा अवार्डका लागि प्रतिस्पर्धा गराइनेछ भने यस वर्ष डिजिटल, इभेन्ट्स र इन्टेग्रेटेड गरी ३ वटा नयाँ क्षेत्रसहित २४ वटा नयाँ विधा समावेश गरिएको संघका महासचिव कृष्णप्रसाद घिमिरेले बताए ।

काठमाडौं विश्वविद्यालय व्यवस्थापन संकायका डिन प्रा.डा. विजय के.सी.को अध्यक्षतामा वरिष्ठ सञ्चारकर्मी भारती सिलवाल गिरी र वरिष्ठ मार्केटिङविज्ञ रवीन्द्रमान श्रेष्ठ क्षेत्रगत विशेषज्ञहरू समावेश भएको जुरी गठन गरिएको छ, जसले विषयगत मूल्यांकनकर्ता मनोनयन गरी विजेताको चयन गर्नेछ । विज्ञापन संघ नेपाल (आन)का अनुसार यस वर्ष मनोनयन दर्ता प्रक्रिया खुला भइसकेको छ । इच्छुक विज्ञापन एजेन्सी तथा ब्रान्डले २०८० वैशाख १ गतेदेखि २०८३ आषाढ मसान्तसम्म उत्पादन तथा प्रदर्शन भएका सिर्जनात्मक कार्यहरू दर्ता गराउन सक्नेछन् । कृति अवार्ड्स आयोजनाको बारेमा घोषणा गर्दै आनका अध्यक्ष सुदीप थापाले यसपटक धेरै विधालाई समेटेर सिर्जनात्मकतालाई थप प्रोत्साहन गर्न लागिएको जानकारी दिए । ‘कृति अवार्ड्सले सुरुवातदेखि नै विज्ञापन क्षेत्रको सिर्जनात्मकता र मौलिकतालाई प्रवर्धन गर्दै आएको छ । यसपटक यसलाई थप विधाहरूमा विस्तार गरिएको छ । यसले नेपाली विज्ञापन बजारलाई विश्व बजारमा चिनाउन सहयोग गर्नेछ,’ उनले भने । कृति अवार्ड्सले नेपाली अर्थतन्त्रलाई चलायमान बनाउने र विज्ञापन बजारलाई थप विस्तार गर्ने अपेक्षा गरिएको छ ।

रिभोल्टको सबैभन्दा शक्तिशाली इलेक्ट्रिक बाइक ‘अल–न्यु आरभिएक्स’ सार्वजनिक

काठमाडौं/मस- नेपालका लागि रिभोल्ट मोटर्सको आधिकारिक वितरक एमभी दुगड ग्रुपले नाडा अटो सो २०२६मा नयाँ विद्युतीय मोटरसाइकल आरभिएक्स सार्वजनिक गरेको छ । कम्पनीले यसलाई रिभोल्टको अहिलेसम्मकै सबैभन्दा शक्तिशाली र प्रविधियुक्त विद्युतीय बाइक भएको दाबी गरेको छ । नेपालमा विद्युतीय गतिशीलतालाई नयाँ उचाइमा पु्याउने लक्ष्यका साथ ल्याइएको आरभिएक्सको सुरुवाती मूल्य ३ लाख ९९ हजार रुपैयाँ निर्धारण गरिएको छ । नाडा अटो सोस्थित रिभोल्ट पेभिलियन र काठमाडौंको पानीपोखरीस्थित फ्ल्यागसिप सोरुमबाट बाइकको बुकिङ र टेस्ट राइड गर्न सकिन्छ ।

आरभिएक्समा ४ किलोवाट क्षमताको मिड-ड्राइभ पिएमएसएम मोटर जडान गरिएको छ, जसले ५.३ किलोवाट पिक पावर र २३० एनएम टर्क उत्पादन गर्छ । कम्पनीका अनुसार बाइकले ३.९ सेकेन्डमा शून्यदेखि ४० किलोमिटर प्रतिघण्टा गति लिन सक्छ भने ‘बुस्ट मोड’मा ९० किलोमिटर प्रतिघण्टासम्म दौडिन सक्षम छ । यसमा ३.२४ किलोवाट-आवर क्षमताको निकाल्न मिल्ने एनएमसी ब्याट्री जडान गरिएको छ । फास्ट चार्जरबाट ८० मिनेटमै ८० प्रतिशतसम्म चार्ज गर्न सकिने यो बाइकले एकपटकको पूर्ण चार्जमा १६० किलोमिटरसम्मको आइडिसी रेन्ज दिने कम्पनीले जनाएको छ ।

आरभिएक्समा ३.५ इन्चको पिएमभिए डिस्प्ले, ब्लुटुथ कनेक्टिभिटी, टेलिम्याटिक्स, जियो-फेन्सिङ, हिल होल्ड असिस्ट, रिभर्स मोड र वाक असिस्टजस्ता स्मार्ट फिचर समावेश गरिएको छ । यो बाइक पर्ल ब्ल्याक, इलेक्ट्रिक ब्लु र इक्लिप्स रेड गरी तीन रङमा उपलब्ध रहेको कम्पनीले जनाएको छ । बाइक सार्वजनिकसँगै एमभी दुगड ग्रुप र रिभोल्ट मोटर्सले ‘नेपाल गर्छ रिभोल्ट’ नामक नयाँ ब्रान्ड अभियान पनि सुरु गरेका छन् । कम्पनीका अनुसार यो अभियान नयाँ पुस्ताका नेपाली राइडरको आत्मविश्वास, पहिचान र दिगो यात्राको सन्देशसँग जोडिएको छ ।

एमभी दुगड ग्रुपका अध्यक्ष मोतीलाल दुगडले भने, ‘नेपालमा सुरुवातदेखि नै रिभोल्टले पाएको प्रतिक्रिया निकै उत्साहजनक छ । नेपाली राइडरहरूका लागि विद्युतीय गतिशीलताको उत्कृष्ट प्रविधि ल्याइरहने हाम्रो प्रतिबद्धताको नतिजा आरभिएक्स हो । यो शक्तिशाली, स्मार्ट र हाम्रा युवा पुस्ताले रोज्ने राइडिङ शैलीअनुसार निर्माण गरिएको छ ।’ इन्धनको बढ्दो मूल्य र वातावरणीय चेतनाका बीच आरभिएक्सले कार्यक्षमता वा शैलीमा कुनै सम्झौता नगरी दिगो र किफायती विकल्प प्रदान गर्ने उनले बताए ।

यस्तै रतन इन्डिया इन्टरप्राइजेज लिमिटेडकी अध्यक्ष अञ्जली रतनले भनिन्, ‘नेपाल रिभोल्ट मोटर्सका लागि एक महत्त्वपूर्ण रणनीतिक बजार हो र आरभिएक्सले हाम्रो इन्जिनियरिङ र नवप्रवर्तनको उत्कृष्ट रूपलाई प्रतिनिधित्व गर्छ । यो नयाँ पुस्ता महत्त्वाकांक्षी र भविष्यप्रति आशावादी छ । उनीहरू प्रविधिले आफूलाई प्रेरित गरोस् र आफ्नो पहिचान झल्काओस् भन्ने चाहन्छन् । आरभिएक्सले यही भावनालाई आत्मसात् गरेको छ ।’ एमभी दुगड ग्रुपसँगको सहकार्यमा यसले नेपालमा पर्फर्मेन्स इलेक्ट्रिक बाइकको नयाँ मानक स्थापित गर्नेमा विश्वस्त रहेको उनले सुनाइन् ।

कम्पनीका अनुसार काठमाडौं, पोखरा, विराटनगर, बुटवल, वीरगन्ज, जनकपुर, नेपालगन्ज र धनगढीलगायत प्रमुख सहरमा रहेका एमभी दुगड ग्रुपका सोरुमबाट बाइकको बिक्री, डेलिभरी र सर्भिस सुविधा उपलब्ध हुने कम्पनीले जनाएको छ ।

एनसेल र नेपाल मेडिसिटी अस्पतालबीच साझेदारी

काठमाडौं/मस- एनसेल र नेपाल मेडिसिटी अस्पतालले गुणस्तरीय स्वास्थ्य सेवालाई सहज र किफायती बनाउने उद्देश्यका साथ एनसेलका ग्राहकलाई निःशुल्क चिकित्सक परामर्श सेवा उपलब्ध गराउन साझेदारी गरेका छन् ।

यस साझेदारीअन्तर्गत, २ सय ९९ वा सोभन्दा माथिको प्याक वा रेन्टल सेवा लिने एनसेल ग्राहकले नेपाल मेडिसिटी अस्पतालको बहिरंग सेवामा निःशुल्क चिकित्सक परामर्श सेवा लिन सक्नेछन् । त्यस्तै, ९९ देखि रु. २९९ सम्मको प्याक वा रेन्टल सेवा लिएका ग्राहकले बहिरङ सेवाअन्तर्गत चिकित्सक परामर्श शुल्कमा २० प्रतिशत छुट पाउनेछन् ।

मंगलबार एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपांग दत्ता र नेपाल मेडिसिटी अस्पतालका प्रमुख कार्यकारी अधिकृत डा.अमित तोमरले यससम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् । सहकार्यबारे बोल्दै दत्ताले भने, ‘नेपाल मेडिसिटीको स्वास्थ्य सेवालाई एनसेलका प्याकसँग जोडेर हामीले मोबाइल सेवा लिएका उपभोक्ता तथा प्रयोगकर्तालाई थप लाभ प्रदान गर्दै छौं । यसमा निःशुल्क चिकित्सक परामर्श सेवादेखि परामर्श शुल्कमा उल्लेखनीय छुटसम्मको व्यवस्था रहेको छ । यो साझेदारीले हाम्रा ग्राहकलाई केवल कनेक्टिभिटी मात्र नभई स्वस्थ जीवनका लागि पनि सहयोग सुनिश्चित गर्दछ । यो हाम्रा ग्राहकका लागि साँच्चै महत्त्वपूर्ण हुनेछ र यो ग्राहकलाई लाभ प्रदान गर्ने हाम्रो प्रतिबद्धताको अर्को कदम हो ।’

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०५/१० गते बुधबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्धीमा र राखिएको विभिन्न जातको गोलिया ३७ थानको २०५.७२ घ.फि. काठ र साल र साल मिश्रित दाउरा २६.०० चट्टा हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

सगुन सा.व.उ.स., मधुवन-२, बर्दिया

नामथर फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०८३।०५।०८, प.सं. २०८३।८४, च.नं. ८२० को प्रमाणित सम्बन्धमा शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. ५७४४२१७ एल नायक टि.एस. टेक बहादुर थापा (नागरिकतामा टेक बहादुर पल्ली मगर) ले मेरो श्रीमतीको नागरिकता प्रमाणपत्र नं. ८७७ मा नामथर दाल कुमारी थापा (DAL KUMARI THAPA) उल्लेख भई फरक परे तापनि फरक नामथर भएको मेरो श्रीमती एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५०० मिति २०८३/०५/०५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।

नामथर फरक परेको व्यक्ति

नामथर र जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय चितवनको मिति २०८३।०५।०८, प.सं. २०८३।८४, च.नं. ८२१ को प्रमाणित सम्बन्धमा शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. ७ निवासी भारतीय सैनिक नं. ५७४४२१७एल नायक टि.एस. टेक बहादुर थापाले मेरो नागरिकता प्रमाणपत्र नं. २०१९९ मा नामथर टेक बहादुर पल्ली मगर, जन्ममिति २००३/१०/२७ भएको र पेन्सन अभिलेखमा नामथर टेक बहादुर थापा, जन्ममिति सन् १५-१२-१९५१ उल्लेख भई फरक परे तापनि फरक नामथर र जन्ममिति भएको म एकै व्यक्ति भएकोले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी पेश गरेको निवेदन सम्बन्धमा भरतपुर महानगरपालिका ७ नं. वडा कार्यालयको च.नं. ५०१ मिति २०८३/०५/०५ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिएको छ ।


नामथर र जन्ममिति फरक परेको व्यक्ति

प्रभु बैंक लिमिटेड, मुख्य शाखा कार्यालय, बबरमहल तथा अन्य शाखा कार्यालयहरुबाट क्रेडिट-कार्ड कर्जा उपभोग गर्ने तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना ।

(सूचना प्रकाशित मिति: २०८३/०५/१० गते बुधबारको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित क्रेडिट-कार्ड कर्जाका ऋणीहरुले यस बैंकबाट लिनु भएको क्रेडिट-कार्ड कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धित शर्त कबुलियत उल्लघंन गर्नु भएको हुदा उक्त क्रेडिट-कार्ड कर्जा असुलीका लागी पटक पटक मौखिक एवं लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीहरुले क्रेडिट-कार्ड कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अत : यो सूचना प्रकाशित भएको मितीले ३५ दिनभित्र क्रेडिट-कार्ड कर्जा चुक्ता भुक्तानी हुने मिती सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणीहरुलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधि भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौट नगर्नु भएको खण्डमा तपाइँ ऋणीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सिफारिस गरीने तथा ऋणीहरुको सम्पत्ति बाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराउँदछौं । बैंकको उल्लेखित काम कारवाहीबाट तपाईको आफ्नो व्यावसायिक ख्याती सामाजिक प्रतिष्ठा उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण क्रेडिट-कार्ड कर्जा चुक्ता फछ्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

तपसिल

क. ऋणीको विवरण :	
१. ऋणी : विश्व राज धिमाल (ना.प्र.नं. ०५/१२७२, जारी मिति २०४३/०६/०६, प्रतिलिपि जारी मिति २०६८/०३/२३, जि.प्र.का. मोरङ। ठेगाना : मोरङ जिल्ला, कानेपोखरी गा.पा. वडा नं. ५ (साविक केरौन गा.वि.स. वडा नं. १)। बाबु : धन बहादुर धिमाल। बाजे : भद्र सिंह धिमाल।	**२. ऋणी : सिद्धार्थ थापा** (ना.प्र.नं. १०९६४, जारी मिति २०५८/११/१४, जि.प्र.का. काठमाण्डौ)। ठेगाना : काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा. वडा नं. ३२ (साविक काठमाण्डौ उ.म.न.पा. वडा नं. ३५)। बाबु : श्याम कुमार थापा। बाजे : चन्द्र बहादुर थापा।
३. ऋणी : सरफराज अन्सरी (ना.प्र.नं. ३३३३/३३७४/२४४२८, जारी मिति २०५८/०५/१०, प्रतिलिपि जारी मिति २०६९/०५/०३, जि.प्र.का. बारा)। ठेगाना : बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ९ (साविक कलैया न.पा. वडा नं. १२)। बाबु : डा. मुख्तार आलम। बाजे :अजिम अंसारी।	**४. ऋणी : कुमार प्रसाद गौतम** (ना.प्र.नं. १०३८०, जारी मिति : २०४५/०४/११, २०४५/०४/११, जि.प्र.का. मोरङ)। ठेगाना : मोरङ जिल्ला, रतुवामाई न.पा. वडा नं. ६ (साविक सिजुवा गा.वि.स. वडा नं. ७)। बाबु : दिनेश गौतम, बाजे : छत्रपती गौतम।
५. ऋणी : गंगा प्रसाद शेरचन (ना.प्र.नं. ६५१३, जारी मिति : २०६२/०३/०१, जि.प्र.का. म्याग्दी ॥ ठेगाना : म्याग्दी जिल्ला, रघुगंगा गा.पा. वडा नं. ५ (साविक झीं गा.वि.स. वडा नं.५)। बाबु : पूर्ण प्रसाद शेरचन। बाजे : देवी प्रसाद शेरचन।	**६. ऋणी : समिर महर्जन** (ना.प्र.नं. २५३५१, जारी मिति २०६०/१२/०६, जि.प्र.का. ललितपुर ॥ ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १६ (साविक ललितपुर उ.प.म.न.पा. वडा नं. १८)। बाबु : साइला महर्जन। बाजे : लाल महर्जन।
७. ऋणी : रोशन तिम्सीना (ना.प्र.नं. ०५२०३३/२००७२, जारी मिति : २०६९/०२/२८, जि.प्र.का. मोरङ)। ठेगाना : मोरङ जिल्ला, कानेपोखरी गा.पा. वडा नं. ७ (साविक वयरवन गा.वि.स. वडा नं. ९)। बाबु : खगेन्द्र तिम्सीना। बाजे : भक्तिराम तिम्सीना।	**८. ऋणी : मनिष कुमार ठाकुर** (ना.प्र.नं. ०५-०६-७८-०२०४०, जारी मिति : २०७८/०६/१०, जि.प्र.का. मोरङ)। ठेगाना : मोरङ जिल्ला, रंगेली न.पा. वडा नं. ५, (साविक रंगेली न.पा वडा नं. ७)। बाबु :राम चन्द्र ठाकुर। बाजे : अच्छे लाल ठाकुर।
९. ऋणी : अमर परियार (ना.प्र.नं. ३५३०१५/६५२, जारी मिति २०६३/१०/२५, प्रतिलिपि जारी मिति २०७७/०५/२१, जि.प्र.का.चितवन)। ठेगाना : चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ४, (साविक चैनपुर गा.वि.स. वडा नं. ९)। बाबु :गज बहादुर परियार। बाजे : मङगले परियार।	**१०.ऋणी : प्रविण राई** (ना.प्र.नं. १०१०१०/६२, जारी मिति : २०६५/१०/०७, जि.प्र.का. संखुवासभा)। ठेगाना : संखुवासभा जिल्ला, सिलिचोङ गा.पा. वडा नं. १,(साविक सिसुवाखोला गा.वि.स. वडा नं. ३)। बाबु : भिम कुमार राई। बाजे : श्याम बहादुर राई।
११.ऋणी : शिव कुमार कार्की (ना.प्र.नं. १२१०२, जारी मिति : २०५७/०१/२१, जि.प्र.का. सोलुखुम्बु)। ठेगाना : सोलुखुम्बु जिल्ला, नेचासल्यान गा.पा. वडा नं. ६,(साविक तिङला गा.वि.स. वडा नं. ४)। बाबु :ध्रुव सिं कार्की क्षेत्री। बाजे : चन्द्र बहादुर कार्की।	**१२.ऋणी : भाईकाजी गहतराज** (ना.प्र.नं. २२-०१-७१-०२०६०, जारी मिति : २०७१/०४/०६, जि.प्र.का. दोलखा)। ठेगाना : दोलखा जिल्ला, नाम्दु गा.वि.स. वडा नं. १। बाबु : नमराज कामी, बाजे : साई बहादुर विश्वकर्मा।
